# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## लिखु तामाकोशी गाउँपालिका
## रामेछाप




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.:

मितिः २०७९।०३।२५

श्री अध्यक्षज्यू,
लिखु तामाकोशी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
रामेछाप।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

त्रिलोचन आचार्य
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७६/७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूमा सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश**

(बबरमहल)


पत्र संख्याः २०७८।७९

च.नं. मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,

लिखु तामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

धोवि, रामेछाप ।

**कैफियत सहितको राय**

हामीले तहाँ पालिकाको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.५ करोड ४६ लाख ३६ हजार बेरुजू देखिएको छ । मिति २०७८।११।२० मा प्राप्त प्रतिक्रीयाबाट रु.४० लाख फर्स्यौट भई रु.५ करोड ६ लाख ३६ हजार बाँकी रहेको छ । बाँ बेरुजूमध्ये असुल गर्नुपर्ने रू.१ करोड ६१ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ५३ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७६ लाख २६ हजार र म्याद नाघेको पेश्की रु.१५ लाख ६६ हजार रहेको छ । पालिकाको गतवर्षसम्मको रु.४ करोड ६८ लाख ८४ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ७५ लाख २० हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)

नायब महालेखापरीक्षक

# लिखु तामाकोशी गाउँपालिका, रामेछाप

## आर्थिक वर्ष २०७६।७७

**परिचय —** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । रामेछाप जिल्ला स्थित यस पालिकाको वडा संख्या ७, पालिका सभा सदस्य ३७, जनसंख्या २३ हजार १०९ जना र क्षेत्रफल १२४ वर्ग किलोमिटर रहेकोछ ।

**क) स्थानीय सचित** कोष अर्थिक वर्ष २०७६/०७७ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आम्दानी | | सि.नं. | खर्च | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको मौज्दात** | | | | |
| | क) संचितकोष | ५६७०६५५.५७ | १ | गाउँपालिका तथा वडा प्रशासनीक चालु | ४९१०६४६६.०० |
| | ख) चालु खर्च खाता | १८७२८३२५.०८ | २ | पालिका विषयगत शाखा चालु | २८८६८९२.०० |
| | ग) पुजिगत खर्च खाता | २८४८११६.४४ | ३ | गाउँपालिका तथा वडा पुजिगत | १४६०१५२५२.०० |
| | घ) धरौटी खाता | ३७५६५४२.०० | ४ | नेपाल सरकार शशर्त अनुदान | १५६८९३१४५.०० |
| २ | **नेपाल सरकार अनुदान** | | ५ | प्रदेश सरकार शशर्त | १०१२६३१०.०० |
| | क) वित्तिय समानिकरण अनुदान | १३०८०००००.०० | ६ | स्थानीय पूर्वाधार तथा साझेदारी विकास | २५७८४२८.०० |
| | ख) सशर्त अनुदान | १७६१२७०००.०० | ७ | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९७००००.०० |
| ३ | **प्रदेश सरकार अनुदान** | | ८ | सामाजिक सुरक्षा कार्यक्रम | ७७७१३०००.०० |
| | क) समानिकरण अनुदान | ९९७८०००.०० | ९ | अर्थ बजेट संचित विदा | ३५१८७८.४० |
| | ख) सशर्त अनुदान | ११७०९०००.०० | १० | अर्थ बजेट औषधि उपचार | ५०१०१४.३१ |
| ४ | **राजश्व बाँडफाँडबाट प्राप्त** | | ११ | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण विभाग | ७३२१५०.०० |
| | क) संघीय सरकार मूअकर र अन्तशुल्क | ४६५४७०५९.९० | १२ | प्रकोप व्यवस्थापन तथा कोभिड खर्च | २७९३३३२.०० |
| | ख) प्रदेश सरकार सवारी साधन कर | १४२०२३६४.३८ | १३ | कन्टिनजेन्सी खर्च | २८५९१३७.०० |
| ५ | **घर जग्था रजिष्ट्रेशन** | २९७१४३८.०० | १४ | **मौज्दात बाँकी** | |
| ६ | **आन्तरिक आम्दानी** | २५८१३८.९० | | क) संचित कोष खाता | १६०६७३०.२२ |
| ७ | **जलविद्युत रोयल्टी** | २६००७६९४.०० | | ख) चालु खर्च खाता | ७२८७२०८.५३ |
| ८ | **स्थानीय पूर्वाधार तथा साझेदारी विकास** | ५००००००.०० | | ग) पुजिगत खर्च खाता | ५१३४४०५९.२० |
| ९ | **प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम** | ९७००००.०० | | घ) बाँडफाँडबाट प्राप्त राजस्व खाता | २१८४०६९३.५० |
| १० | **सामाजिक सुरक्षा कार्यक्रम** | ७९९५१०००.०० | | ङ) आन्तरिक राजस्व खाता | २५८१३८.९० |
| ११ | **अर्थ बजेट संचित विदा** | ३५१८७८.४० | | च) धरौटी खाता | ४००३०६२.०० |

| सि.नं. | आम्दानी | | सि.नं. | खर्च | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १२ | अर्थ बजेट औषधि उपचार | ५०१०१४.३१ | | | |
| १३ | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण विभाग | ७३२१५०.०० | | | |
| १४ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | १००००.०० | | | |
| १५ | कोरोना कोष वापत प्रास रकम | १५०००००.०० | | | |
| १६ | द्वन्द पिडितलाई राहात | १००००००.०० | | | |
| १७ | धरौटी आम्दानी | २४६५२०.०० | | | |
| | कुल जम्मा | **५३९८६६८९७** | | कुल जम्मा | **५३९८६६८९७** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **लेखा ढाँचाको प्रयोग नभएको —** नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखापरीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघीय कानून बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफरिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोही अनुसार एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरी दुई समूहका फारामहरु आ.व. २०७५।७६ देखि लागू गर्ने उद्देश्यले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको छ । जस अनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवस्था छ । उपर्युक्त अनुसारको वित्तीय प्रतिवेदमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोबारको बजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टि गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संञ्चित कोषको अवस्था, आन्तरिक राजस्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी स्थिति, वितरण गर्न बाँकी राजस्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा सस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, सञ्चित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान), भुक्तानी दिन बाँकीको विवरण, फिर्ता दिन बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बैंक तथा नगद बाँकी र अन्य सम्पत्तिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| २. | **वित्तीय विवरण —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्<br>• नेपाल सरकारले स्थानीय तहको संचितकोष व्यवस्थापन तथा खर्च लेखांकनका लागि अनिवार्य रुपमा सुत्रको प्रयोग गर्नेपर्ने तथा सूत्रभन्दा बाहिरबाट खर्च लेखांकन गर्न नहुने भनी परिपत्र जारी गरेको छ । तर पालिकाले देहायका कारोबारहरु सुत्रमा अनलाईन लेखांकन नगरी म्यानुअल बिधिबाट गोश्वरा भौचर उठाई चेक जारी गरी खर्च गरेको पाईयो । जसकाकारण पालिकाको यथार्थ खर्च तथा सुत्रबाट देखिएको खर्च रकम समेत फरक हुने तथा कारोबारको यथार्थतामा समेत एकिन गर्न सकिने अवस्था रहेन ।<br>• पालिकाले सुत्रको प्रयोग गरी खर्च लेखांकन नगरेको कारण म.ले.प.फा.नं.२७२ तयार गरेको देखिदैन । साथै लेखापरीक्षणको क्रममा कार्यालयबाट पेश भएको बैंक नगदी किताब, कोष तथा लेखा नियन्त्रण कार्यालय रामेछापबाट प्रमाणित आर्थिक विवरण समेतलाई आधारलिई एकीकृत आय व्यय तयार गरी पेश गरेकोमा आर्थिक विवरणमा समावेश आम्दानी तथा खर्च शुद्धताका सम्बन्धमा सम्बन्धित कर्मचारी जिम्मेवार रहेको स्वघोषण सहितको आर्थिक विवरण पेश भएको छ ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु. ७८७२०८।५३, पुजीगत खर्च खातामा रु. ५१३४४०५९।२० र आन्तरिक आम्दानी खातामा रु.२५८१३८।९० मौज्दात रहेको पाईयो ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको, बैंक हिसाव समायोजन खाता नराखेको, गत आर्थिक वर्षको जिम्मेवारी र साट्नबाँकी चेकको विवरण लगायतका रकम यकिन हुने अभिलेख नभएकोले पालिकाले पेश गरेको आर्थिक विवरणले आम्दानी तथा खर्चको यथार्थ चित्रण गरेको सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• पालिकाले २०७७ आषाढ मसान्तमा रु.२१,०८,७३,५५५।३० मौज्दात रहेकोमा आषाढ मसान्त पश्चात रु.१२,४५,३३,६६३।५० चेक साटीएको विवरण कार्यालयबाट प्राप्त भएको छ । जसअनुसार २०७७ आषाढ मसान्त पश्चात मात्र कुल खर्चको करिब एक तिहाई चेक साटिएको देखिन्छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३. | **जिम्मेवारी —** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाले गत वर्षको अ ल्या भनी संचित कोषमा रु.५६७०६५५।५७, चालुखर्च खातामा रु.१८७२८३२५।०८, पुजिगत खर्च खातामा रु.२८४८११६।४४ र धरौटी खातामा रु.३७५६५४२ समेत गरी रु.३१००३६३९।०९ जिम्मेवारी सारेको छ। पालिकाले आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण नगराएको कारण पालिकाले जिम्मेवारी सरेको रकम सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ४. | **खर्च विश्लेषण —** पालिकाको वित्तीय प्रतिवेदन अनुसार आन्तरिक श्रोतबाट रु. २,५८,१३८।९०, बाँडफाँडबाट रु.६,३७,२०,८६२।२८, विद्युत रोयल्टीबाट रु. २,६०,०७,६९४ र अनुदानबाट रु.२६,०४,०७,९९९।६० समेत पालिकाको संचितकोषको यस वर्षको आम्दानी रु. ३५,०३,९४,६९५।१८ भएकोमा यस वर्ष पालिकाले चालुतर्फ रु. २१,४५,३८,९७१ र पूँजिगततर्फ रु. १४,६०,१५,२५२ समेत रु. ३६,०५,५४,२२४ खर्च गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन् —<br>• पालिकाको कुल आम्दानीको तुलनामा बाँडफाड १८.१७ प्रतिशत, रोयल्टी ७.४२ प्रतिशत, आन्तरिक श्रोत ०.०७ प्रतिशत र अन्य अनुदानको हिस्सा ७४.३४ प्रतिशत रहेको छ ।<br>• पालिकाको यस बर्षको कुल बजेट खर्चको तुलनामा चालुतर्फ ५९.५१ प्रतिशत र पुँजीगततर्फ ४०.४९ प्रतिशत रहेको छ ।<br>• कुल चालुखर्चमध्ये पारिश्रमिक तथा सुविधामा रु. ७२,४८,७२२ अर्थात आन्तरिक आय रु. २५८१३९को तुलनामा २७०८।०६ प्रतिशत रहेको देखिन्छ ।<br>• यसवर्ष पदाधिकारी सुविधातर्फ रु. ६४,५९,४५२/- मर्मतमा रु. १४,१८,७८२/- अनुगमन, मुल्यांकन र भ्रमणमा रु.२८,५६,४२३/- वडा कार्यालय प्रशासनिक खर्चमा रु.७२,४९,५९०/- समेत रु.१,७९,८४,२४७/- खर्च गरेको छ । जुन आन्तरिक आयको तुलनामा ६,८६६।८८ प्रतिशत वढी हुन आउछ । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यसबाट पालिकाको आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च भएको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आयको दायरा फराकिलो बनाउने तथा प्रशासनिक खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | **बजेट तथा कानूनको परिपालना** | |
| ५. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तह प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री दीप शिखा न्यौपाने दहालले २०७६।१२।०२ गते रु.५१ करोड ९८ लाख ६७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोही दिन पारित भएको छ । बजेट पास नभएसम्म खर्च लेखांकन गर्न नमिल्ने भएएकोले पालिकाले समयमै बजेट पास नगरेको कारण पालिकाबाट प्रवाह हुने सेवा तथा विकास निर्माण समेत प्रभावित भए देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ जिम्मेवार व्यक्तीले ध्यान दिनुपर्दछ । | |
| ६. | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाले क्षेत्रगत शिर्षक अनुसार खर्च गरेको अभिलेख नराखेको कारणले क्षेत्रगत खर्चको विवरण प्राप्त गर्न सकिएन । तसर्थ क्षेत्रगत खर्च शिर्षक अनुसार श्रेस्ता तथा कारोबारको हिसाब अध्यावधिक गरीनु पर्दछ । | |
| ७. | **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रमको नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहायबमोजिम छ । | |

| सि. नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | पालिका पुजिगत | १३४७७८ | ० | ० | १३४७७८ | १२१४९० |
| २ | प्रदेश पुजिगत | ९०१८ | ० | ० | ९०१८ | ९०१८ |
| ३ | स्थानीय पूर्वाधार विकास साझेदारी | २५७८ | ० | ० | २५७८ | २५७८ |
| ४ | प्रदेश पूर्वाधार विकास | ९७० | ० | ० | ९७० | ९७० |
| ५ | झोलुंगे पुल | १९१७ | ० | ० | १९१७ | १९१७ |
| | कूल खर्चः | १४९२६१ | ० | ० | १४९२६१ | १३५९७३ |
| | खर्च प्रतिशत | १०० | ० | ० | १०० | ९१.१० |

उपर्युक्त विवरण अनुसार पालिकाले १०० प्रतिशत रकम तेस्रो चौमासिकमा खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र ९१।१० प्रतिशत खर्च गरेको छ । आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरका साथै भुक्तानी सन्तुलनमा समेत असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप समयमै कार्य गराउने व्यवस्था मिलाई आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८. | **फिर्ता गर्न बाकी —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ तथा प्रदेश सरकारबाट स्थानीय तहलाई सशर्त अनुदान अन्तरगत हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च हुन नसकि बचत रहेमा सम्बन्धित संचितकोष फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकालाई देहायका शिर्षकहरुमा निम्नानुसार रु.२६७७९७००० बजेट निकासा प्राप्त भएकोमा लेखापरीक्षणबाट पालिकाले रु.२४४७३२४५५ खर्च गरी रु.२३०६४५४५ बचत रहेको देखियो । पालिकाले बचत रकम मध्ये २०७७।०९।२१ मा संघीय संचितकोषमा रु.१७०००४०३ र प्रदेश संचितकोषमा रु.१५८२६९० समेत रु.१८५३०९३ फिर्ता पठाएको छ । जसअनुसार पालिकाले संघीय संचितकोषमा रु. ४४८१४५२ थप फिर्ता पठाउनुपर्ने देखिन्छ । अतः बाँकी रकम फिर्ता गरेको प्रमाण पेशहुनुपर्ने देखिएको रु. | ४४८१४५२ |

| शिर्षक | निकासा प्राप्त | खर्च | बचत |
|---|---|---|---|
| नेपाल सरकार शशर्त अनुदान | १७६१२७०००.०० | १५६८९३१४५.०० | १९२३३८५५.०० |
| प्रदेश सरकार शशर्त | ११७०९०००.०० | १०१२६३१०.०० | १५८२६९०.०० |
| सामाजिक सुरक्षा कार्यक्रम | ७९९५१०००.०० | ७७७१३०००.०० | २२३८०००.०० |
| राष्ट्रपति महिला उत्थान कार्यक्रम | १००००.०० | ००.०० | १००००.०० |
| **जम्मा** | **२६७७९७०००.००** | **२४४७३२४५५.००** | **२३०६४५४५.००** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा यस वर्षको खर्च तथा आम्दानीका कारोबार तथा कोषहरुको आन्तरिक लेखापरीक्षण भएको पाईएन । तसर्थ कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १०. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको कार्यक्रम गत तथा एकीकृत प्रगति तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७ अनुसार उपभोक्त् समिति तथा लाभग्राही समुदायबाट भएको कार्यको भुक्तानी समुदायको बैंक खातामा जम्मा हुने गरी दिनुपर्नेमा कतिपय योजनामा उपभोक्ता समितिको अध्यक्षको नाममा चेक जारी गरेको पाईयो ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई हस्तान्तरण नहुने कार्यालय भवन मर्मत लगायतका सरकारी संरचना उपभोक्ता समितिबाट गराएको पाईयो।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टी डि एस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर सहितको तेरिज बनाई कार्यालय प्रमुख तथा निजले तोकेको कर्मचारीबाट प्रमाणीत तथा भुक्तानी भएको छाप लागाउने गरेको पाईएन ।<br>• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणीत भएको पाईएन । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• उपभोक्ता समितिले खर्च विवरण सार्वजनिक गर्ने तथा सोको विवरण खुलाई माईनुट गर्ने गरेको पाईएन ।<br>• योजना अनुगमन समितिले अनुगमन फारममा उल्लेख भएका विवरणहरु भर्ने तथा भुक्तानीका लागि सिफारिस गर्दा विवरण भर्ने र अवस्था खुलाउने गरेको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ७२४८७२२ खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| **११.** | **न्यायीक समिति** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितीमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १० र यो बर्ष थप भएको ३७ गरी कुल ४७ विवाद दर्ता भएकोमा ११ वटा मात्र फछ्र्यौट भई ३६ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| | **कार्यालय संचालन तथा प्रशासनीक** | |
| **१२.** | **पदाधिकारी अन्य सुविधा** — बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएको भन्दा बढी हुने गरी पादाधिकारी सुविधा दिन मिल्ने देखिदैन । पदाधिकारीहरुको मासिक सूविधा उपलब्ध गराउँदा अनुसूची १ मा उल्लेख भएअनुसारका सबै प्रकारका सूविधाहरु उपलब्ध गराएकोमा वडा कार्यालयले आफ्नो बजेटबाट देहाय अनुसारका सूविधा दोहोरो हुने गरी भुक्तानी गरेको पाईयो । तसर्थ मासिक सुविधामा समावेश भएका कार्यमा पुन खर्च गरेको भनी सोधभर्ना भुक्तानी लिन नमिल्ने देखिएकोले देहाय अनुसारको रकम असुल हुनुपर्ने देखिएको रु. | १००८३३३ |

| वडा नं | पदाधिकारी ईन्धन | अतिथि सत्कार | पत्रपत्रीका | जम्मा |
|---|---|---|---|---|
| १ | ३९६६९.०० | १६१६३५.०० | ११४५०.०० | २१२७५४.०० |
| २ | ५०५६७.०० | ५००००.०० | १०८००.०० | १११३६७.०० |
| ३ | ४९६२०.०० | ८६७७०.०० | ७२००.०० | १४३५९०.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४ | २४५१०.०० | ७७००.०० | ७१००.०० | ३९३१०.०० |
| ५ | ३७६५९.०० | ४९५८५.०० | १०८००.०० | ९८०४४.०० |
| ६ | ५७८१७.०० | १११२०५.०० | १४४००.०० | १८३४२२.०० |
| ७ | ५७१०१.०० | १४८३४५.०० | १४४००.०० | २१९८४६.०० |
| जम्मा | ३१६९४३.०० | ६१५२४०.०० | ७६१५०.०० | **१००८३३३.००** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १३. | **दोहोरो सुविधाः** विभिन्न मिति र भौचरबाट देहायबमोजिमका कर्मचारी तथा पदाधिकारीहरु भ्रमणमा रहेको उल्लेख गरी दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी दिएको देखिन्छ।सोही समयको बिचमा पालिकाको विभिन्न बैठकमा उपस्थिति भएको जनाइ बैठक भत्ता पनि भुक्तानी दिएको देखिन्छ। रात विताउने गरी भ्रमणमा गएको सुविधा लिएको सदस्य उक्त समयको बैठकमा उपस्थित हुने अवश्था नहुने भएकोले दोहोरो पारी भुक्तानी दिएको भत्ता रकम असुल हुनुपर्ने रु.. | १२२९०० |

| गो भौ नं | नाम | भ्रमण अवधि | बैठक समय | दोहोरो परेको रकम |
|---|---|---|---|---|
| ९२ | दिपशिखा दाहाल | ७७।३।५ देखि ११ | ३।९ र १० | १०००० |
| ८८ | पदम बहादुर तामाङ्ग | ६।१२ देखि १८ | ६।१३ | ९५०० |
| ८८ | पदम बहादुर तामाङ्ग | ११।२१ देखि २७ | ११।२२ | ९५०० |
| ८६ | शिव प्रसाद न्यौपाने | १२।१५ देखि १२।२१ | १२।१७ | ७५०० |
| ८६ | शिव प्रसाद न्यौपाने | ५।५ देखि ५।११ | ५।९ | ९००० |
| ८७ | रजिना बुढाथोकी | ७७।३।५ देखि ३।११ | ३।९ | ७५०० |
| २।९ | नमुना के सी | ७७।२।४ देखि २।१० | २।६ | ८१०० |
| १० | प्राप्ति सुनुवार | ७७।३।१० देखि १६ | ३।१२ | ७५०० |
| १० | मान बहादुर तामाङ्ग | ७७।३।१० देखि १६ | ३।१२ | ७५०० |
| १० | नन्दमाया दर्जी | ७७।३।१० देखि १६ | ३।१२ | ७५०० |
| १० | पदम बहादुर तामाङ्ग | ७७।३।१० देखि १६ | ३।१२ | ७५०० |
| १० | रामेश्वर पौडेल | ७७।३।१० देखि १६ | ३।१२ | ७५०० |
| ६ | छिरिङ्ग तामाङ्ग | ७६।५।१ देखि ७ | ५।५ र ५।६ | ८१०० |
| | सोम बहादुर तामाङ्ग | ७६।१०।१९ देखि २३ | १०।२२ | ८१०० |
| | सोम बहादुर तामाङ्ग | ७६।११।२७ देखि१२।१ | ११।२८ | ८१०० |
| जम्मा | | | | १२२९०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४. | दैनिक भ्रमण भत्ता भुक्तानिका लागि अधिकार प्राप्त अधिकारीद्वारा प्रमाणित भ्रमण आदेश स्वीकृत र भ्रमण बिल पेश हुनुपर्दछ।गो भौ नं ७८ बाट बाबुलाल तामाङ्ग, राजकुमार आलेमगर र सुन बहादुर तामाङ्गलाई प्रति व्यक्ति रु १००००० का दरले भूक्तानि भएको छ।भ्रमण आदेश र बिल बिना भ्रमण खर्च भूक्तानि गर्न नमिल्ने हुनाले भ्रमण आदेश र बिल पेश गर्नुपर्ने अन्यथा अशुल हुनुपर्ने रु | ३००००० |
| १५. | **स्वकीय सचिव र सल्लाहकार –** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँ प्रमुखको स्वकीय सचिवका रुपमा कार्यालय सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री सुजन खड्का लाई नियुक्त गरी मासिक रु. २६६१० का दरले भुक्तानी गरेको अनियमित देखिएको रु. | ४०९१५० |
| १६. | **पदाधिकारी सुविधा –** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आपूm निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा २०७६।०४।०१ देखि २०७६ असोज मसान्त सम्मको रु. १०२३०००/ खर्च लेखेको छ भने तत्पश्चात संशोधित प्रदेश कानुन अनुसार सुविधका दिएको देखिन्छ । | |
| १७. | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १५ अनुसारका खर्चको मात्र उपनियम १४ अनुसार अभिलेख राखी चालु आ ब मा भूक्तानि दिन मिल्ने देखिन्छ। आ ब ०७५।७६ को न्यायिक समितिको बैठक भत्ता छुट भएको भनी गो भौ नं ९० मिति ७७।३।३१ मा देहाय बमोजिमका पदाधिकारी तथा कर्मचारीको नाममा भूक्तानि भएको छ।अघिल्लो आ ब मा लेखिनुपर्ने खर्च नलेखिएको हुनाले यस बर्ष भएको भनी प्रमाणित गर्ने प्रमाण प्राप्त हुनुपर्ने अन्यथा अशुल गर्नुपर्ने रु | ६८००० |

| सि नं | नाम | बैठक संख्या | दर | जम्मा भूक्तानि |
|---|---|---|---|---|
| १ | दिपशिखा दाहाल | ३७ | ५०० | १८५०० |
| २ | ढुण्डिराज तिमल्सिना | ३७ | ५०० | १८५०० |
| ३ | शेर बहादुर थापा | ३७ | ५०० | १८५०० |
| ४ | रोलिना थापा मगर | १३ | ५०० | ६५०० |
| ५ | अच्युत तिमल्सेना | ९ | ५०० | ४५०० |
| ६ | लोक बहादुर जोगी | ३ | ५०० | १५०० |
| जम्मा | | | | ६८००० |

| | | |
|---|---|---|
| १८. | **बिल पेश नभएको** आर्थिक कार्यविधि नियमावली २०६४ मा कुनै रकमको भूक्तानि दिँदा रीत पुगे नपुगेको जाँच गरी निकाशा तथा खर्च गर्नुपर्ने उल्लेख छ।गो भौ नं २० मिति ०७७।२।२० मा बिजुलीको बिल १७०९४ भूक्तानि भएकोमा रु १९७५ को मात्र बिल पेश भएकोले नपुग रु १५११९ बराबरको बिल पेश हुनुपर्ने रु | १५११९ |
| १९. | गो भौ नं ४४ मिति ०७७।३।२२ मा राजन खत्रीको बा १ ज ७७६० नम्बरको गाडी प्रयोग गरेबापत मासिक रु १३०००० भूक्तानि हुनेगरी सम्झौता भएको छ। सम्झौता बमोजिम कार्य भए नभएको खुल्ने कुनै प्रमाण नराखिएको र गाडी कुन कुन समयमा कहा देखि कहासम्म चलेको तथा कुन स्थानबाट कति मानिसलाई सेवा प्रदान गरेको केही प्रष्ट्याउने कागजात भौचरसाथ नरहेकोले उक्त गाडीले सो समयमा काम गरेको खुल्ने प्रमाण पेश हुनुपर्ने अन्यथा अशुल हुनुपर्ने रु | १३०००० |
| २०. | **बिल पेश नभएको** आर्थिक कार्यविधि नियमावली २०६४ मा कुनै रकमको भूक्तानि दिँदा रीत पुगे नपुगेको जाँच गरी निकाशा तथा खर्च गर्नुपर्ने उल्लेख छ गो भौ नं ७४ मिति ०७७।३।३१ मा पानी तथा बिजुलीको खर्च ढकालको नाममा भूक्तानि भएको छ।भौचर परीक्षण गर्दा पानी तथा बिजुलीको बिल नरहेकोले बिल पेश हुनुपर्ने अन्यथा अशुल हुनुपर्ने रु | १०७०५ |
| २१. | **दोहोरो भुक्तानिः—** हरी बहादुर खड्कालाई छुट भाडा भनी गो भौ नं ८३ मिति ०७७।३।३१बाट रु २१६०० भूक्तानि भएको छ।हरी बहादुरको घर भाडा सम्झौता बमोजिमको रकम पहिलेनै गो भौ नं २० बाट सम्झौता अनुसारको रकम भूक्तानि भइसकेको देखिन्छ । गो भौ नं २० बाट रु २४०० बढी भूक्तानि भएको र गो भौ नं ८३ बाट भूक्तानि भएको रु २१६०० गरी जम्मा रकम रु २४००० अशुल हुनुपर्ने रु | २४००० |
| २२. | सुत्रको सफ्टवेयर अपडेट गर्न भनी दिलिप कुमार माझीलाई गो भौ नं ६५ मिति ७७।३।३१ बाट मिति ०७६।१०।२३ देखि २९ सम्म, ७६।११।२३ देखि २९ सम्म र ७६।१२।१० देखि १६ सम्म रु | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २७००० भुक्तानि भएको छ। भौचरको साथमा भ्रमण बिल समावेस नरहेको र पालिकामा सुत्र प्रयोग भएको देखिएन। यसरी पालिकामा जुन प्रयोजनको लागि खर्च लेखिएको हो त्यही काम नभएकोले खर्च लेख्नुपर्ने आधार नरहेको देखिन्छ। उक्त रकम दिन नमिल्ने देखिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु | २७००० |
| **२३.** | **कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २२ जना कर्मचारीहरु करारमा राखी रु. ७०२८९४७ खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३६८१२४० भुक्तानी गरेको अनियमित देखिएको रु....... | ३६८१२४० |
| **२४.** | दैनिक भ्रमणबाट फर्किएपछि कर्मचारीले दैनिक भ्रमण बिलमा पेश भएको ब्यहोरा ठीक छ झुटा ठहरे प्रचलित कानुन बमोजिम सहनेछु बुझाउनेछु भनी सही गरी अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेपछि मात्र भूक्तानि दिनुपर्ने व्यवस्था छ। छनौट गरी भौचर परीक्षण गर्दा गो भौ नं ९१ मिति ०७७।३।३१ मा रोशन बहादुर श्रेष्ठको नाममा रहेको भ्रमण बिलमा प्रमाणित बिना नै रु ३०००० भूक्तानि गरेको पाईयो । यसरी रीत नपुगी गरेको भूक्तानि नियमसंगत नदेखिएको रु | ३०००० |
| **२५.** | धोबी बजार खानेपानी उपभोक्ता समितिले संझौता बमोजिम दैनिक २०० का दरले पारिश्रमिक दिनेगरी धन बहादुर तामाङ्ग र विष्णु खड्कालाई नियुक्तिगरी काम गर्दै रहेकोमा मिति ७६ साउन देखि ७७ असार मसान्त सम्म प्रति व्यक्ति मासिक रु ६००० का दरले १२ महिनाको पारिश्रमिक र चाडबाड खर्च समेत गरी जम्मा हुन जाने रकम रु ७७२०० कर कट्टी पछिको दरले जम्मा रु १५४४०० पालिकाले गो भौ नं १९ बाट भूक्तानि गरेको पाइयो । पालिकाको सभाको अनुमोदन तथा बजेट विनियोजन वेगर उपभोङ्क्ता समितिको दायित्व पालिकाले बेहोरेको उचति देखिएन् । तसर्थ उक्त खर्च रकम पालिकाको सभाबाट समर्थन गरी यस प्रकारको भुक्तानीमा नियन्त्रण गरेको प्रमाण पेश हुनुपर्ने रु | १५४४०० |
| **२६.** | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । आ ब ०७६।७७ को गाउँसभा को निर्णय नं ९ बमोजिम पारिश्रमिकको ५० प्रतिसत दिने निर्णय गरे बमोजिम यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण पालिकालाई रु.४३१३२२ आर्थिक व्ययभार परेको छ । सभा तथा कार्यपालिका भएको निर्णय अनुसार मिति २०७६ चैत्र महिना सम्म मात्र भुक्ती लिएको ततपश्चात यस प्रकारको खर्च नलेखेको पालिकाको भनाई रहेछ । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| नाम | मासिक प्रोत्साहन भत्ता | महिना | जम्मा रकम | कर कट्टि | भूक्तानि रकम |
|---|---|---|---|---|---|
| भूपेन्द्र राई | १७९९५ | ३ | ५३९८५ | ८०९८ | ४५८८७ |
| क्षितिज दाहाल | १४१०० | ३ | ४२३०० | ६३४५ | ३५९५५ |
| लक्ष्मण तामाङ्ग | १३३०५ | ३ | ३९९१५ | ५९८७ | ३३९२८ |
| देवजीत प्रसाद ठाकुर | १७९९५ | ५ | ८९९७५ | १३४९६ | ७६४७९ |
| सन्देश घिमिरे | १४१०० | ४ | ५६४०० | ८४६० | ४७९४० |
| केहरमान तामाङ्ग | १४१०० | ९ | १२६९०० | १९०३५ | १०७८६५ |
| उमेश गुरुङ्ग | १४१०० | ४ | ५६४०० | ८४६० | ४७९४० |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>रोशन बहादुर श्रेष्ठ</td><td>१७९९५</td><td>५</td><td>४१५६२</td><td>६२३४</td><td>३५३२८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४३१३२२</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७.</td><td>पालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री भुपेन्द्र राई मिति २०७६।४।२८ देखि ०६।९ सम्म नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा प्रदान गरेको सेवाकालीन तालिममा समावेश भएको पत्रको ब्यहोरामा उल्लेख रहेको छ।उक्त समयमा निजले दैनिक भ्रमण भत्ता र प्रोत्साहन भत्ता समेत लिएको पाइयो।एकै समयमा दोहोरो सुविधा लिन नमिल्ने भएकोले निजले लिएको ४१ दिनको प्रोत्साहन भत्ता अशुल हुनुपर्ने रु</td><td>२४५९३</td></tr>
<tr><td>२८.</td><td>पालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री भुपेन्द्र राई मिति २०७६।४।२८ देखि ०६।९ सम्म नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा प्रदान गरेको सेवाकालीन तालिममा समावेश भएको पत्रको ब्यहोरामा उल्लेख रहेको छ। पत्र अनुसार निजलाई प्रतिष्ठानबाट ०७६।५।२४ देखि ०७६।५।३० सम्मको स्थलगत भ्रमणमा जादा ६.५ दिनको दैनिक भ्रमण भत्ता आतेजाते यातायात खर्च उपलब्ध गराएको उल्लेख छ। निजले ०७६।४।२८ देखि २०७६।६।९ सम्मको दैनिक भ्रमण भत्ता कार्यालयबाट समेत लिएको देखियो। अत भदौ २४ देखि ३० सम्मको दैनिक भ्रमण भत्ता दोहोरो परेकोले अशुल गर्नुपर्ने रु</td><td>१०४००</td></tr>
<tr><td>२९.</td><td>जिन्सी दाखिला नगरेको — आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद वा अन्य कुनै प्रकारबाट कार्यालयमा प्राप्त जिन्सी मालसामानको मुल्यसमेत खुलाई जिन्सी कितावमा सात दिन भित्र बाँधी स्रेस्ता खडा गरी अद्यावधिक राख्नु पर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुनाको छनौट गरिएको भौचर नं १०९।२०७७।३।३१ र १११।०७७।३।३१ परीक्षण गर्दा रु. ७५०० मुल्यका १० थान क्याल्कुलेटर, ७५०० मुल्यको ५ थान ईमरजेन्सी लाईट, रु ६२५०० मुल्यका फोटोकपी पेपर २५ कार्टुन लगायतका विभिन्न १७ प्रकारका रु १८१९५१ मूल्य बराबरको सामान दाखिला गरेको पाईएन। सो सामान कार्यालयमा आएको हो वा होइन भनी एकीन गर्न सक्ने अवस्था समेत नरहेकाले उक्त सामान दाखिला भएको प्रमाण पेश हुनुपर्ने अन्यथा अशुल हनुपर्ने रु</td><td>१८१९५१</td></tr>
<tr><td>३०.</td><td>आधार वेगरको खर्च : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० मा भुक्तानी बाँकीको प्रमाणित विवरण वेगर अघिल्लो आ ब को दायित्व भुक्तानी दिन नमिल्ने व्यवस्था छ । सोही नियमको उपनियम ९ मा उपनियम ८ मा उल्लेख गरिएका वाहेक अन्य खर्चहरुको भुक्तानी स्वीकृत वार्षिक कार्यक्रममा भएको अवस्थामा दिन सकिने उल्लेख छ । गो भौ नं १७ बाट गाउँपालिकाले आ ब ०७५।७६ को असार देखि साउनसम्म भएका विभिन्न किसिमका बैठकमा भएको खर्च भनी विभिन्न होटलहरुको रु १०९०८०५ को बिलको भुक्तानि दिएको छ। उक्त खर्चको परीक्षण गर्दा कल्पना होटल एण्ड खाजा घरको बिलहरुमा मिति उल्लेख नगरी जारी गरेको पाइयो। मिति उल्लेख नभएको बिल रु. १,८४,१६५ रहेको छ। त्यस्तै गो भौ नं १८ बाट मिति उल्लेख नभएको बिलहरुबाट रु.६५,४५० भुक्तानि भएको छ। मिति उल्लेख नभएको र भुक्तानी बाँकीको प्रमाणित विवरण तथ स्वीकृत वार्षिक कार्यक्रम वेगर अघिल्लो आ ब को बिल पछिल्लो आ ब मा भूक्तानि हुन नमिल्ने उक्त खर्च नियमित देखिएन रु..</td><td>१०९००००</td></tr>
<tr><td>३१.</td><td>नियम विपरित खर्च : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट अनूसूचि १ अनुसारको सुविधा पाउने उल्लेख छ । जस अनुसार पदाधिकारीहरुले बैठक भत्ता पाउने देखिदैन् । त्यसैगरी मासिक पारीश्रमिक बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त व्यवस्था खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले पदाधिकारी सुविधा सम्बन्धी ऐनकोमा प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा संशोधित सुविधा राजपत्रमा प्रकाशन गरेको छ । पदाधिकारीहरुलाई आ.ब.०७५।७६ मा मासिक रुपमा पारिश्रमिक भूक्तानि भएको र संशोधित कानून आएपछि त्यसै बमोजिम भुक्तानि भएको अवस्थामा संशोधित कानूनअनुसार गत आ.ब. को छुट बैठक भत्ता भनी वडा बजेटबाट स्वनिर्णय गरी भुक्तानी लिएको देखिन्छ । कानून निर्माण हुनुपूर्को कानून अनुसार सुविधा</td><td>१२०५०००</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लिई सकेपछी पुनः संशोधित कानून अनुसार थप सुविधा लिएकोले उक्त सुविधा दोहो परेको देखिन्छ । तसर्थ भुक्तानी लिन नमिल्ने सुविधा वापतको बैठक भत्ता भनी देहाय अनुसार भुक्तानी लिएको रकम अशुल हुनुपर्ने रु | |

| वडा नं | नाम | पद | दर | बैठक संख्या | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | निझर तामाङ्ग | वडा अध्यक्ष | १००० | ३६ | ३६००० |
| १ | अनिता कार्की थापा | सदस्य | १००० | ३६ | ३६००० |
| १ | सर्मिला सार्की | सदस्य | १००० | ३६ | ३६००० |
| १ | गंगा बहादुर सुनुवार | सदस्य | १००० | ३६ | ३६००० |
| १ | तेजनारायण राय | वडा सचिव | १००० | २१ | २१००० |
| १ | श्याम कुमार चौधरी | वडा सचिव | १००० | ३ | ३००० |
| १ | रोशनी पौडेल | कर्मचारी सहायक | १००० | ३४ | ३४००० |
| **जम्मा** | | | | | **२०२०००** |
| २ | पदम बहादुर तामाङ्ग | वडा अध्यक्ष | १००० | ३६ | ३६००० |
| २ | प्रासि सुनुवार | सदस्य | १००० | ३० | ३०००० |
| २ | नन्दमाया नेपाली | सदस्य | १००० | २५ | २५००० |
| २ | याम बहादुर तामाङ्ग | सदस्य | १००० | ३१ | ३१००० |
| २ | रामेश्वर पौडेल | सदस्य | १००० | ३६ | ३६००० |
| २ | श्याम कुमार चौधरी | वडा सचिव | १००० | ३ | ३००० |
| २ | तेज नारायण राय | वडा सचिव | १००० | १५ | १५००० |
| २ | विझु सुनुवार | कर्मचारी सहायक | १००० | २२ | २२००० |
| २ | मनप्रसाद पौडेल | कार्यालय सहयोगी | १००० | २० | २०००० |
| **जम्मा** | | | | | **२१८०००** |
| ३ | यम बहादुर महत | वडा अध्यक्ष | १००० | ८ | ८००० |
| ३ | ओलक बहादुर खड्का | सदस्य | १००० | ६ | ६००० |
| ३ | राजकुमारी बस्नेत | सदस्य | १००० | ८ | ८००० |
| ३ | कमला दर्जी | सदस्य | १००० | ८ | ८००० |
| ३ | सोनाम तामाङ्ग | सदस्य | १००० | ८ | ८००० |
| ३ | लक्ष्मण तामाङ्ग | सदस्य | १००० | ७ | ७००० |
| **जम्मा** | | | | | **४५०००** |
| ४ | लिला बहादुर बस्नेत | वडा अध्यक्ष | १००० | ३६ | ३६००० |
| ४ | ढुण्डीराज तिमल्सेना | सदस्य | १००० | ३६ | ३६००० |
| ४ | मोहनबहादुर क्याप्छाकी मगर | सदस्य | १००० | ३६ | ३६००० |
| ४ | गीता कामी | सदस्य | १००० | ३६ | ३६००० |
| ४ | देवीमाया आलेमगर | सदस्य | १००० | ३६ | ३६००० |
| ४ | लक्ष्मण तामाङ्ग | वडा सचिव | १००० | ३६ | ३६००० |
| **जम्मा** | | | | | **२१६०००** |
| ५ | सोम बहादुर तामाङ्ग | वडा अध्यक्ष | १००० | २५ | २५००० |
| ५ | काजी थापामगर | सदस्य | १००० | २५ | २५००० |
| ५ | सविता वि क | सदस्य | १००० | २३ | २३००० |
| ५ | अम्बर बहादुर खड्का | सदस्य | १००० | २५ | २५००० |
| ५ | छिरिङ्ग तामाङ्ग | का स | १००० | १७ | १७००० |
| ५ | केहरमान तामाङ्ग | वडा सचिव | १००० | १२ | १२००० |
| **जम्मा** | | | | | **१२७०००** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | शिव प्रसाद न्यौपाने | वडा अध्यक्ष | १००० | ३४ | ३४००० |
| ६ | सुशीला थापा | सदस्य | १००० | ३४ | ३४००० |
| ६ | मैया भित्रिको ी | सदस्य | १००० | ३३ | ३३००० |
| ६ | विजय कुमार श्रेष्ठ | सदस्य | १००० | ३० | ३०००० |
| ६ | शेर बहादुर थापा | सदस्य | १००० | ३४ | ३४००० |
| ६ | केहरमान तामाङ्ग | वडा सचिव | १००० | ३४ | ३४००० |
| **जम्मा** | | | | | **१९९०००** |
| ७ | सुभास बोहरा | वडा अध्यक्ष | १००० | ३३ | ३३००० |
| ७ | रजिना बुढाथोकी | सदस्य | १००० | ३३ | ३३००० |
| ७ | भिम लक् मी सार्की | सदस्य | १००० | ३३ | ३३००० |
| ७ | ईन्द्र बहादुर बुढाथोकी | सदस्य | १००० | ३३ | ३३००० |
| ७ | ज्ञान बहादुर लामा | सदस्य | १००० | ३३ | ३३००० |
| ७ | केहरमान तामाङ्ग | वडा सचिव | १००० | ३३ | ३३००० |
| **जम्मा** | | | | | **१९८०००** |
| कूल जम्मा | | | | | १२०५००० |

| | | |
|---|---|---|
| **३२.** | **घर भाडा** : घर भाडा भूक्तानि गर्दा संझौता बमोजिम गर्नु पर्दछ। पालिकाले संझौताबिनानै भोज बहादुर थापालाई गो भौ नं ११५ बाट रु १२०००० घरभाडँ भूक्तानि गरेको छ। घर धनीको निवेदनमा उक्त घरमा पालिका उपाध्यक्ष दिपशिखा दाहाल बसेको ब्यहोरा उल्लेख छ। पदाधिकारीलाई प्रदेश कानुन बमोजिम बाहेक अन्य सुविधा दिन मिल्ने देखिंदैन ।नियम विपरित भएको भूक्तानि असुल हुनुपर्ने रु | १२०००० |
| **३३.** | **आर्थिक सहायता** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष ३ व्यक्ति एवं संघ संस्थालाई रु. ६२००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| **३४.** | **सोझै खरिद** — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. | ५२७१६२१ |

| गो भौ नं | मिति | विवरण | आपूर्तक | रकम |
|---|---|---|---|---|
| ३१ | ७७।३।११ | छपाई सामाग्री | दिक्षा छापाखाना।दिक्षित स्टेशनरी | २२६६४० |
| ३२ | ७७।३।११ | इलेक्ट्रिक सामाग्री | सहयात्री।सगरमाथा कम्प्युटर सेन्टर | १८५४३२ |
| ३६ | ७७।३।१२ | कार्यालय सामाग्री | जे इण्ड जे इन्टरप्राइजेज | ४४३२२० |
| ३७ | ७७।३।१२ | कार्यालय सामाग्री | सि एन इन्टरप्राइजेज | ४९७४०८ |
| ३८ | ७७।३।१२ | कार्यालय सामाग्री | गाउँ शहर इन्टरप्राइजेज।न्यु एरा मल्टीप्रपोज | ४७१३३४ |
| ३९ | ७७।३।१३ | फर्निसिंङ्ग सामाग्री | आर डी ट्रेडर्स | ४८३९२८ |
| ४० | ७७।३।१३ | फर्निसिंङ्ग सामाग्री | खहरेखोला इन्टरप्राइजेज | ४७९७९८ |
| ५२ | ७७।३।२५ | इलेक्ट्रिक सामाग्री | न्युम्बर आईटी सोलुसन प्रा लि | २२५७१७ |
| ५३ | ७७।३।२५ | इलेक्ट्रिक सामाग्री | न्युम्बर आईटी सोलुसन प्रा लि | ४८४२०५ |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१०८</td><td>७७।३।३०</td><td>फर्निसिङ्ग सामाग्री</td><td>जि एस पी इन्टरप्राइजेज</td><td>४९४८२७</td></tr>
<tr><td>१०८</td><td>७७।३।२८</td><td>छपाई सामाग्री</td><td>ग्लोबल प्रिन्ट कनेक्सन प्रा लि</td><td>४६५५१२</td></tr>
<tr><td>११०</td><td>७७।३।३१</td><td>छपाई सामाग्री</td><td>ग्लोबल प्रिन्ट कनेक्सन प्रा लि</td><td>८१३६००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५२७१६२१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५.</td><td>माथि उल्लिखित भौचरहरुबाट खरिद भएका सामाग्रीहरु खरिद आदेश , दाखिला प्रतिवेदन र गो भौचरमा समेत लेखापरीक्षण गर्दाको समयसम्म पनि अधिकार प्राप्त अधिकारीहरु (कार्यालय प्रमुख , स्टोर किपर) ले प्रमाणित गरेको पाइएन जसले गर्दा उक्त सामाग्री कार्यालयको आवश्यकता अनुसार खरिद भएको थियो र कार्यालयमा प्राप्त भई खर्च भएको हो भन्ने विषयमा विस्वस्त हुन सक्ने अवस्था रहेन।</td><td></td></tr>
<tr><td>३६.</td><td>भरपाई नभएको : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ को उपनियम ३ अनुसार अनुसार खर्च लेख्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्दछ । बैक नगदी कितावमा गो भौ नं ३५।०७७।३।१२ वाट रु ५०,००० खर्च लेखेको छ । लेखापरीक्षणको क्रममा गोश्वारा भौचर र खर्च भएको बिल भरपाई प्राप्त नभएकोमा लेखापरीक्षण पश्चात सोको भौचर तयार गरी विल सहित पेश हुन आएको छ। लेखापरीक्षण पश्चात पेश भएको गोश्वारा भौचर साथ सम्लग्न विल परिक्षण गर्दा भौचर मिति भन्दा पछिको विलसमेत सम्लग्न गरी बैक नगदी कितावमा उल्लेख भएको खर्च वरावरको रकमको विल पेश गरेको देखिन्छ । गोश्वारा भौचर तयार गरी भुक्तानी दिएको मिति भन्दा पछिको विल सम्लग्न गरी लेखापरीक्षण पश्चात भौचर पेश हुन आएको, क्यालकुलेटर, ईमर्जेन्सी लाईटको परिमाण अनुसारको रकम १११।०७७।३।३१ बाट जिन्सी दाखिला समेत नगरी भुक्तानी भएको देखिएकोद्बे कारोवार विस्वसनीय देखिएन । यस सम्वन्धमा पालिकाले छानविन गरी जिम्मेवार कर्मचारीबाट असुल गर्नु पर्ने देखिएको रु....</td><td>५००००</td></tr>
<tr><td>३७.</td><td>खाना तथा विविध खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.८४७८५९० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>नापी किताब तथा वितरणको भरपाई– पालिकाले वडा नं ६ र ७ को लागि पाईप खरिदका लागि विनियोजित बजेटबाट सिलबन्दी दरभाउपबाट रु.१७२९१२६ का पाईपहरु खरिद गरेको देखिन्छ । उक्त खरिद गरिएका पाईपहरु वडा कार्यालयमा हस्तान्तरण भएकोमा उक्त पाईपहरु के कती परिमाणमा वितरण गरिएको छ सोको विवरण खुल्ने प्रमाण लेखापरीक्षणको क्रमम पेश हुन सकेन । साथै उक्त पाईपहरु प्रयोग भएको देखिने नापी किताब समेत लेखापरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ वडा कार्यालयलाई हस्तान्तरण भएको पाईपहरु प्रयोग भएको देखिने नापी किताब सहित वितरणको भरपाई पेश हुनुपर्ने देखिएको रु.</td><td>१७२९१२६</td></tr>
<tr><td></td><td>कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>३९.</td><td>आन्तरिक राजस्व अनुमान तथा असुलीः यो वर्ष गाउँपालिकाले जम्मा रु. ५०,००,००० आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रु.२५८१३८।९० आम्दानी गरेकोले लक्ष्यको तुलनामा रु.३७४१८६।११ घटी आम्दानी गरेको देखियो । गाउँपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली विच अन्तर रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| ४०. | **रसिद नियन्त्रण खाता** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरुको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रबिष्टी गरी तोकिएको समयमा बैंक दाखिला गर्नुपर्छ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिदहरु मध्ये गत विगतका कति रसिद बाँकी थिए, यस वर्ष के कति छपाई गरियो र यो वर्ष वडा कार्यालयहरु, दहत्तर बहत्तरको असुली लगायत गाउँपालिका कार्यालयले प्रयोग गर्ने गरी कति खर्च भयो, के कति आगामि बर्षको लागि जिम्मेवारी सारेको छ, सो खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सवै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन एकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सवै रसिदबाट उठेको रकम दाखिला भएको एकिन गर्नु पर्दछ । | |
| ४१. | **वडाबाट प्राप्त आम्दानीः** पालिकाले वडाबाट प्राप्त हुनु पर्ने तथा भएको आम्दानीको अभिलेख व्यवस्थित गरी राखेको छैन। वडाहरुबाट संकलन गरेको राजस्व नियमित रुपमा बैक दाखिला गरी नगदी रसिद सहित फिर्ता लिने गरेको छैन। वडाहरुलाई दिएको नगदी रसिद वर्पान्तमा फिर्ता गरी आय यकिन गरी दाखिला गरे नगरेको भिडान गरेको समेत देखिएन । पालिकाले वडाबाट प्राप्त राजस्व र पालिकामा सँकलन भएको राजस्वको व्यवस्थित हिसाव तयार गरी नियमानुसार कर प्राप्त भएको र प्राप्त भएको कर समयमै पालिकामा दाखिला भएको सुनिश्चित गर्नु पर्दछ । | |
| ४२. | **राजश्वको अभिलेख** : आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ को दफा १२ र १३ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सवै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. हरु नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व वैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । आम्दानी जस्तो सम्वेदनशील विषयमा गम्भिर भई अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| ४३. | **रसिद ठेलीको प्रयोगः** पालिकाले छपाईबाट प्राप्त भएको आम्दानी गर्दा प्रयोग गरिने नगदी रसिद ठेली के कति वितरण भयो र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाणसमेत सम्लग्न गरी नगदी रसीद कार्यालयले फिर्ता लिनु पर्दछ। जसअनुसार चालु वर्षको लागि वितरण गरेको रसिद बाहेक अन्य रसिदबाट समेत आम्दानी गर्दा रसिदको दुरुपयोग हुन सक्ने र संकलित आय संञ्चित कोष दाखिला नहुने जोखिम रहन्छ । लेखापरीक्षणको क्रममा वडा कार्यालयहरुले नगदी रसिद ठेली आफै छपाई गरी प्रयोग गर्ने गरेको जानकारी प्राप्त भएको छ । साथै वडा कार्यालयहरुले संकलित राजस्व नियमित रुपमा पालिकामा दाखिला गरेको देखिने विवरण समेत लेखापरीक्षणको क्रममा पेश हुन सकेन । जसबाट नगदी रसिदको प्रयोग गरी वडा तथा पालिकाले केकती राजस्व संकलन भयो सो सम्बन्धमा यकिन गर्न सकिने अवस्था रहेन । पालिकाबाट प्राप्त विवरण अनुसार लेखा शाखाले बैंक स्टेटमेन्टको आधारमा यस वर्ष प्राप्त भएको रकम भनी रु.२५८१३८।९० मात्र आम्दानी बाँधेको छ । तसर्थ पालिकाले नगदी रसिदको प्रयोग तथा सोबाट प्राप्त आम्दानीका सम्बन्धमा छानविन गरी पालिकामा प्रप्त भएको आम्दानी यथार्थ भएको नभएको सम्बन्धमा यकिन गरी रसिद नियन्त्रण खाता व्यवस्थित गरी चालु वर्ष जारी भएका रसिद मात्र प्रयोग गर्ने र वर्षान्तमा बाँकी रहेका रसिदहरु फिर्ता गरी पुन नयाँ रसिद जारी गर्ने व्यवस्था मिलाई सम्पूर्ण आम्दानी दाखिला भएको सुनिश्चत गर्नुपर्ने देखिएको रु. | २५८१३९ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४. | **नदीजन्य पदार्थ तथा प्राकृतीक श्रोतः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ ।<br>गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो । | |
| | **योजना संचालन तथा पुँजीगत खर्च** | |
| ४५. | **योजना छनौट** ‘ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४६. | **योजना कार्यान्वयन तथा संचालन** ‘ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पालिकाले पुँजीगततर्फ रु.३५ हजार देखि रु. १ कोड १४ लाख सम्मका २८९ वटा योजनाहरुको कार्यान्वयन गरी रु. १३ करोड ४७ लाख ७८ हजार खर्च गरेको छ । जुनमध्ये रु.१ लाख भन्दा मुनिका मात्र १०४ तथा रु. ५ लाखभन्दा मुनीका २१४ वटा योजनाहरु रहेका छन् भने रु.५० लाख भन्दा माथीका ४ वटा मात्र योजना रहेका छन् । यसरी स‘साना तथा छरिएर रहेका योजनाहरुले दीगो तथा टिकाउ विकासको लक्ष्य हासिल गर्न समेत सक्ने अवस्था समेत देखिदैन । साथै जनशक्ति वर्षैं भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च हुने र निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु प्रतिफलमूलक नतिजा दिन सक्ने प्रकृतिका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ४७. | **लागत अनुमान स्वीकृत** ‘ सार्वजिनक खरिद नियमावली २०६४ को नियम १४ मा रु.१ करोड सम्मको लागत अनुमान राजपत्रांकित तृतीय श्रेणीको कर्मचारीबाट गराउन सकिने उल्लेख छ । जसअनुसार राजपत्र | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनंकित कर्मचारीहरु तथा वडा अध्यक्षबाट लागत अनुमान स्वीकृत गरि खर्च लेख्न मिल्ने अवस्था देखिदैन । तर पालिकाले रु.५००००० सम्म लागत अनुमान भएको योजनाहरुको लागत अनुमान सम्बन्धीत वडाका वडा अध्यक्ष तथा राजपत्र अनंकित कर्मचारी (वडा सचिव) बाट हुने गरेको देखिन्छ । जस अनुसार वडाले सबै योजनाहरु रु.२५०००० भन्दा कमको हुने गरी २०१ छनौट गरी सोही अनुसार योजना कार्यान्वयन गरेको पाईयो । एकतर्फ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था पालना गरेको देखिएन भने अर्कोतर्फ जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च हुने र निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने देखिन्छ । | |
| ४८. | **हेभी इक्विपमेण्टको प्रयोग '** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गो भौ | उपभोक्ता समितिको नाम | लागत अनुमान | पालिकाबाट भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १ | सोलाखर्क केरावोटे सडक स्तरउन्नती | ५३८०७७ | ३४९७३८ | नाईल कन्ट्रक्सनको एक्साभेटर | ३३०५३२ |
| २८ | वेलोरी सेराखु पहरे तेली सडक | ५३९७७५२ | ४६८४५३७ | सम्यम कन्ट्रक्सनको एक्साभेटर तथा ब्रेकर | ३२२२१६० |
| २४ | अमलवोटे सेता पहरा तारुके सडक | १०७३८२५ | ६५७५९७ | पिपुल निर्माण सेवाको एक्साभेटर | ८६०४०६ |
| ८ | कामीगाउबाट धोवी बजार ससम्म सडक | १११३१०९ | ८९८२५० | सम्यम कन्ट्रक्सनको एक्साभेटर | १०००६१५ |
| ३३ | आईतबारे चिलाउने खोला भिरगाउँ सडक | ९६९२०८७ | ९३५८८४८ | सम्यम कन्ट्रक्सनको एक्साभेटर | ८८५०४८० |
| २ | धोवी स्वास्थ्य चौकी चित्रे चौतारा काम्बा खराने सडक | २१७९००९ | १९३२९७५ | सम्यम कन्ट्रक्सनको एक्साभेटर | २२३००५५ |
| ३ | चित्रे चौतारा काङ्गवा खराने सडक | ७२०५४७९ | ७१८५३५६ | सम्यम कन्ट्रक्सनको एक्साभेटर | ७०२६३४० |
| ४ | धोवी स्वरा चोरपुजारे खोल्माडाँडा सडक | १०७८३५५ | ६५०००० | सम्यम कन्ट्रक्सनको एक्साभेटर | ६६९५२५ |
| १२ | कालापानी धी चौर पल्लोवारी बाट चुनङ्गडाडा | १०७७४०७ | ८८८१०१ | सम्यम कन्ट्रक्सनको एक्साभेटर | १०००६१५ |
| ३० | वडा नं ४ नेगी लेती दुसिम पहरे सडक | ७५८९४१८ | ६७३५३११ | सम्यम कन्ट्रक्सनको एक्साभेटर | ५०९०३९१ |
| ६३ | पाखावारी कामीगाँउ सडक | २०२४४७९ | १७३८०९२ | वीएमएसको एक्साभेटर | ८६३९११ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| | | |
|---|---|---|
| ४९. | **जटिलसंरचना निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई हस्तान्तरण हुने र मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्य उपभक्ता समिति मार्फत गराउन सकिने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, आरभिटी टंकी, कल्भर्ट निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **गो भौ** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ३५ | वडा नं ५ कार्यालय भवन | आर सीसी भवन निर्माण कार्य | ३०००००० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**४९.१** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई हस्तान्तरण नहुने योजनाहरु उपभोक्ता समितिबाट गराउन मिल्ने व्यवस्था गरेको देखिदैन । माथि उल्लेख भए अनुसार कार्यालय भवन तथा सरकारी संरचना उपभोक्ता समितिबाट गराउन मिल्ने देखिदैन । तसर्थ कार्यालय प्रयोजनका लागि आवश्यक निर्माण कार्य तथा उपभोक्ता समितिलाई हस्तान्तरण नहुने योजनाहरु उपभोक्ता समितिबाट गर्ने गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

**५०.** **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर कार्यालयले देहायअनुसार मूल्य अभिवृद्धि कर र ओभरहेड सहित १ करोड भन्दा बढी लागत अनुमान भएको योजनामा उपभोक्ता समितिबाट गराएको पाइयो । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो. भौ | योजनाको नाम | लागत अनुमान (कन्टिन्जेन्सी बाहेक) | | कर्यसम्पन्न भएको रकम | यो बर्ष भुक्तानी रकम |
|---|---|---|---|---|---|
| | | मू.अ.कर तथा ओभरहेड बाहेक | मू.अ.कर तथा ओभरहेड सहित | | |
| ३३ | आईतबारे चिलाउने खोला भिरगाउँ सडक | ९६९२७८७ | १२५९४८६७ | ९३५८८४८ | ८३९६७६२ |
| ३५ | वडा नं ५ कार्यालय भवन | ११३८०८०७ | १४७८९३५९ | ३०८०८७३ | ३०००००० |

**५१.** सडक नाली तथा बायोइञ्जिनियरिङ्गः सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत-सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू—क्षय रोक्नका लागि बायो' इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू—क्षय तथा भू—स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखित पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।

**५२.** **अग्रिम कर '** आयकर ऐन २०५८ (नेपाल सरकार आर्थिक ऐन २०७६ बाट भएको संशोधन) को दफा ८९(३क) मा उपभोक्ता समिति मार्फत काम लागाउने गरि गरिएको सम्झौतामा पचास लाख भन्दा बढी भुक्तानी हुने कार्य गराउँदा कार्य सम्पन्न रकमको १।५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । जसअनुसार देहायका योजनामा कार्यलयले निम्नानुसार कर कट्टी गर्नुपर्नमा घटी रकम कट्टी गरेको छ । तसर्थ देहायअनुसार नपुग रकम असूल हुनुपर्ने देखिएको रु. ४८९३६

| **क स** | **विवरण** | **नपुग कर रकम** |
|---|---|---|

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ९ र ३३ | आईतवारे चिलाउने खोला भिरगाँउ सडक उपभोक्ता समितिले रु.९३५८८४८।४१ को कार्य सम्पन्न गरेकोमा कार्यालयले रु.१४०३८२।७३ अग्रिम कर कट्टी गर्नुपर्नेमा गोभौ ९ बाट रु.५९७६० र गोभौ ३३ बाट रु.५६७६८ समेत गरी कुल रु. ११६५२८ मात्र कट्टी गरेकोले रु.२३८५४।७३ कर नपुग भएको देखिएको रु | २३८५४.७३ |
| २ र ३० | नागी लेती दुसिम पहरे सडक उपभोक्ता समितिले रु.७५३४७२८।४० को कार्य सम्पन्न गरेकोमा कार्यालयले रु.११३०२०।९२ अग्रिम कर कट्टी गर्नुपर्नेमा गोभौ २ बाट रु.५९७४५ र गोभौ ३० बाट रु.२८१९५ समेत गरी कुल रु.८७९४० मात्र कट्टी गरेकोले रु.२५०८०।९३ कर नपुग भएको देखिएको रु | २५०८०.९३ |
| | | **४८९३५.६६** |

**५३.** **वडा समितिबाट रकमान्तर ‘** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा पुजिगत शिर्षक अन्तरगत मात्र रकमान्तर गर्न सकिने उल्लेख छ । पालिकाको बजेट बनाउने तथा खर्च गर्ने सम्बन्धमा पालिकाको सभाबाट अनुमोदन हुने गरि कार्यपालिकाले मात्र विनियोजित बजेटको पुष्टाई संलग्न राखि कुनै शिर्षकमा २५ प्रतिशतमा नबढने गरी रकमान्तर गर्न सक्दछ ।जसअनुसार पालिकाको वडा तथा वडा समितिले बजेट रकमान्तर गर्ने मिल्ने कानुनी व्यवस्था रहेको समेत देखीदैन् । कानुन वेगर वडा समितिले निर्णय गरी खर्च बढाउने उद्देश्य देहायअनुसार शिर्षकमा विनियोजन भएको रकम नयाँ शिर्षकमा रकमान्तर गरी खर्च गर्ने निर्णय गरे अनुसार पालिकाले सोही अनुसार खर्च लेखांकन गरेको छ । पालिकाकफ पूर्व स्वीकृती समेत नलिई रकमान्तर गरेको उक्त खर्चको सभाबाट अनुमोदन समेत गरेको नदेखिएको रु — ६६५९६१२

| **बजेट विनियोजित शिर्षक** | **रकम** | **रकमान्तर गरी बजेट व्यवस्था गरिएको शिर्षक** | **रकम** |
|---|---|---|---|
| खत्रीटोल काँबाडाँडा खानेपानी व्यवस्थापन | १५००००० | वडा नं ३ को वडा सभितिको मिति २०७७।०३।२४ को निर्णयअनुसार चित्रे चौतारा काङ्गवा खराने सडक | ६५००००० |
| भालु पाताल टंकी निर्माण | ८००००० | | |
| बालकन्या आधारभूत विद्यालय काङ्गवा | ७००००० | | |
| छेरीङ्गे धारचूत विद्यालय मिलाउने | ७००००० | | |
| विर्खेश्वर आधारभूत विद्यालय खोलागाँउ व्यवस्थापन | ७००००० | | |
| आईतबारे युवा कल्ब व्यवस्थापन | ५००००० | | |
| कृषि व्यवस्थापन | ३००००० | | |
| अपाङ्ग कार्यक्रम | २००००० | | |
| आईतबारे चिलाउने कुलो | १००००० | | |
| चित्रे सिंहाले खानेपानी व्यवस्थापन | ५००००० | | |
| चित्रे सिगाले पानी देवीस्थान माथी टोल सडक | ५००००० | | |
| शिर्षक नखुलेको | १५९६१२ | वडा नं ३ को मिति २०७७।०३।२८ विपदको लागि साबुन सेनीटाईजर खरिद | १५९६१२ |
| जेष्ठ नागरिक सम्मान लगायत ५ वटा शिर्षक | ४५१०१६ | वडा नं ५ को मिति २०७७।०२।२ सेनीटाईजर खरिद | ४५१०१६ |
| **जम्मा रकमान्तर हुने रकम** | **६६५९६१२** | | **६६५९६१२** |

**५४.** **जनश्रमदान —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>गापा अंश %</th><th>भुक्तानी हुनुपर्ने</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>३५</td><td>वडा नं ३, शान्तीडाँडा आदेश महत टोल</td><td>३२५१७३</td><td>१९५५५१</td><td>८९</td><td>१७४०४०</td><td>१९५५५१</td><td>२१५१०</td></tr>
<tr><td>९</td><td>वडा नं ५, चण्डीडाँडा मानेडाडा भालूखोप कठजोर</td><td>२१५२१६</td><td>१७१०८६</td><td>८९</td><td>१५४१५७</td><td>१९४०००</td><td>३९८४२</td></tr>
<tr><td>३५</td><td>वडा नं ५ कार्यालय भवन</td><td>४६३५८९५</td><td>३०८०७३६</td><td>८९</td><td>२७७१७९४</td><td>३००००००</td><td>२२८२०५</td></tr>
<tr><td>४९</td><td>वडा नं ६ भिमेश्वर महादेव मन्दीर निर्माण</td><td>१६१४७४</td><td>१३७७८३</td><td>८९</td><td>१२३९४३</td><td>१३५९७१</td><td>१२०२८</td></tr>
<tr><td colspan="4">जम्म</td><td>८९</td><td>३२२३९३४</td><td>३५२५५२२</td><td>३०१५८५</td></tr>
</table></td><td>३०१५८५</td></tr>
<tr><td>५५.</td><td>डण्डीको प्रयोग— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट संचालन योजनाहरुको भुक्तानी गर्दा उपभोक्ता समितिले निर्माण कार्य गर्दा खर्च गरेको विल भरपाई सहित सार्वजनिक निकायमा भुक्तानीका लागि पेश गर्नुपर्ने व्यवस्था छ । गो भौ २५ मिति २०७७।०३।३० बाट वडा नं १, वुर्पा दुरागाँउ खानेपानी मुहान सुधार तथा टंङ्गी निर्माण कार्यको प्राविधिक विलमा २०९२।२५ किलोग्राम डण्डी रु.१२९।९५ का दरले प्राविधिक मूल्यांकन रहेको छ । तर उपभोक्ता समितिले थापा हार्डवेयरको विल नं ९४ बाट १५०० कीलोग्राम मात्र डण्डी खरिद गरेको देखिन्छ । जसअनुसार खरिद गरेको भन्दा ५९२।२५ किलो ग्राम डण्डी बढी प्रयोग भएको देखिन्छ । खरिद गरेको भन्दा बढी प्रयोग हुन नसक्ने भएकोले ५९२।२५ को प्रति किलोग्राम रु.१२९।९५ रु.७६९६२।८९ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असूल हुनुपर्ने देखिएको रु.</td><td>७६९६३</td></tr>
<tr><td>५६.</td><td>खरिद भन्दा बढी प्रयोग— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट संचालन योजनाहरुको भुक्तानी गर्दा उपभोक्ता समितिले निर्माण कार्य गर्दा खर्च गरेको विल भरपाई सहित सार्वजनिक निकायमा भुक्तानीका लागि पेश गर्नुपर्ने व्यवस्था छ । गो भौ २८ मिति २०७७।०३।३१ बाट वडा नं २, वेलौरी सेराखु पहरे लेती सडक निर्माण कार्यको प्राविधिक विलमा २*१*१ को ५० ५३ थान ग्याविन जालि प्रयोग भएको देखाईएको छ । तर उपभोक्ता समितिले लोकप्रिय जगदम्बा हार्डवेयरबाट ५० थान मात्र जालि खरिद गरेको देखिन्छ । जसअनुसार खरिद गरेको भन्दा ३ थान बढी जाली भएको देखिन्छ । खरिद गरेको भन्दा बढी प्रयोग हुन नसक्ने भएकोले प्रति थान रु.३५४९।५१ का दरले रु.१०६४७।९३ र ६ घनमिटर प्याकिङ्गको प्रति घनमिटर रु.२१५२।७० का दरले रु.१२९१६।२० समेत रु.२३५६४।१३ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असूल हुनुपर्ने देखिएको रु.</td><td>२३५६५</td></tr>
<tr><td>५७.</td><td>पाईप भन्दा बढी जडान — गोभौ २५ मिति २०७७।०३।३० बाट वडा नं १, वुर्पा दुरागाँउ खानेपानी मुहान सुधार तथा टंङ्गी निर्माण कार्यको लागत अनुमानमा १८०० मिटर पाईप खरिद गरी जाडन गर्ने गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले ९०० मिटर मात्र पाईप खरिद गरेको प्राविधिक विलमा तथा नापी किताबबाट देखिन्छ । तर प्राविधिकले उक्त पाईप खन्न पुर्ने कार्य १८०० मिटर भएको भनी उपभक्ता समितिले खरिद गरेको भन्दा ९०० मिटर बढी पाईप जडान तथा उक्त पाईप लेईङ्गको र खन्न पुर्ने कार्य भएको देखाई प्रति घनमिटर रु.५९४ का दरले भुक्तानी दिएको छ । जसअनुसार प्राविधिक विल तयार गर्दा १८०० मिटर पाईप लेईङ्गको लागि तयार भएको लागत अनुमान अनुसार नै भुक्तानी भएको देखिन्छ</td><td>२५६६०८</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | । जसबाट प्राविधिक विलमा उपभोक्ता समितिबाट भएको कार्य भन्दा ९०० मिटर बढीको कार्य भएको भनी ४३२ घनमिटरको प्रति घनमिटर रु.५९४ का दरले रु.२५६६०८ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असूल हुनुपर्ने देखिएको रु. | |

**५८. पर्खालमा बढी दर —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। भवन विभागबाट प्रकाशित भवन संरचना निर्माणका लागि स्वीकृत नर्म्सको प्रयोग गरी दरविश्लेषण गर्दा ढुंगाको गारो १:४ को प्रति घ.मि.रु.९९४३ र सडक विभागबाट प्रकाशित सडक संचना निर्माणका २०७५ मा प्रकाशित स्वीकृत नर्म्स अनुसार ढुंगाको गारो १:६ को प्रति घ.मि.रु.८३६७ मात्र हुनेमा  पालिकाले स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको देखियो । जसअनुसार देहायका योजनामा उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. ११७४४३०

| वडा नं | गो.भौ. | उपभोक्ता समिति | परिमाण घ.मि.मा | प्रयोग गरेको दर | प्रयोग गर्नुपर्ने दर | बढी दर रु. | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | सानेपानी स्वास्थ्य ईकाई चौकी | ९.०४ | १२०९४.२० | ९९४३ | २१५१.२ | १९४४६.८ |
| १ | ४ | बासे चिहान टहरा निमा | ९.६९ | १०९०८.८० | ८३६७ | २५४१.८ | २४६३० |
| १ | ५ | माढीघाँट टहरा निर्माण | ९.६९ | १०९०८.८० | ८३६७ | २५४१.८ | २४६३० |
| १ | ८ | गहते घाँट टहरन निर्माण | ९.३८ | १०९०८.८० | ८३६७ | २५४१.८ | २३८४२.१ |
| १ | ९ | छिरुवा चिहान टहरा निर्माण | ९.९७ | १०९०८.८० | ८३६७ | २५४१.८ | २५३४१.७ |
| १ | २२ | दूरागाँउ एकीकृत वस्ती निर्माण | ५०.७२ | १२०९४.२० | ९९४३ | २१५१.२ | १०९१०९ |
| १ | २६ | दूरागाँउ कार्की समाज सानपानी भवन | २२.५ | १०९०८.८० | ८३६७ | २५४१.८ | ५७१९०.५ |
| २ | ५ | सिरिशे कवाईटार सिचाई | ३४.६८ | १२०९४.२० | ९९४३ | २१५१.२ | ७४६०३.६ |
| २ | ८ | अरुणदय मावि भवन संरक्षण | २५.४४ | १२०९४.२० | ९९४३ | २१५१.२ | ५४७२६.५ |
| २ | १ | वेलोरी सेराखु पहरे तेली सडक | ७८.२८ | १०९०८.८० | ८३६७ | २५४१.८ | १९८९७२ |
| ३ | ३३ | आईतबारे चिलाउने खोला भिरगाउँ सडक | ५८.९८ | १०९०८.८० | ८३६७ | २५४१.८ | १४९९१५ |
| ३ | २ | धोवी बजार सडक ग्राभेल तथा नाला निर्माण | ५६.६८ | १०९०८.८० | ८३६७ | २५४१.८ | १४४०६९ |
| ४ | ३० | नागी लेती दुसीम पहरे सडक | २९.६० | १०९०८.८० | ८३६७ | २५४१.८ | ७५२३७.३ |
| ७ | ४८ | खत्रीडाँडा रुपकाली नवदिश्वर सडक | ४२.५० | १२०९४.२० | ९९४३ | २१५१.२ | ९१४२६ |
| ७ | ५२ | नागथान कार्कीगाउँ विर्ता सडक | ३९.८५ | १०९०८.८० | ८३६७ | २५४१.८ | १०१२९१ |
| जम्मा | | | | | | | ११७४४३०.५ |

**५९. पि.पि.सि. सिमेन्टको प्रयोग —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका योजनामा ओ.पि.सि.सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू.अ.कर बिजक समावेश गरेकामा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि.

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सिमेन्टको दर प्रति बोरा रु.८४० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.६७५ (मू.अ.कर बाहेक) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको छैन भने आर्कोतर्फ प्रति बोरा रु.१८६।४५ (मू.अ.कर समेत) का दरले बढी भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. | १४७२९८ |

| वडा नं | गो.भौ. | योजनाको नाम | उ.स.बाट खरिद गरिएको विलका सिमेन्टको सप्लायर्स | उ.स.बाट खरिद विलअनुसार सिमेन्ट बोरा संख्या | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | ३ | सानेपानी स्वास्थ्य ईकाई चौकी | थापा हार्डवयर | ७० | १३०५२ |
| १ | ५ | माढीघाँट टहरा निर्माण | थापा हार्डवयर | २२ | ४१०२ |
| १ | ८ | गहते घाँट टहरन निर्माण | थापा हार्डवयर | २२ | ४१०२ |
| १ | २२ | दूरागाँउ एकीकृत वस्ती निर्माण | नविन हार्डवयेर एण्ड सप्लायर्स | २०० | ३७२९० |
| २ | १ र २८ | वेलोरी सराखुपहरे टोली सडक निर्माण | थापा हार्डवयर | १४५ | २७०३५ |
| ४ | २१ | नागी सामुदायिक भवन र खेलमैदान निर्माण | थापा हार्डवयेर | ३६ | ६७१३ |
| ५ | ३ | चावाखर्च गाँउघर क्लिनिक भवन निर्माण | नकर्मी मेटल एण्ड मेसनरी सप्लार्यस | २५ | ४६६२ |
| ६ | ११ | नर्वदेश्वर एग्रीकल्चर फर्म उन्नत जातको गाई अनुदान | तिरुपती ट्रेड जेनरल | २०० | ३७२९० |
| ७ | १३ | बालज्योतीमावि संरक्षण | नकर्मी मेटल एण्ड मेसनरी सप्लार्यस | ७० | १३०५२ |
| जम्मा | | | | ७९० | १४७२९८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६०. | **ग्याविनको कार्यमा बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । स्वीकृत जिल्ला दररेट अनुसार प्रति ब.मि.जालीको मुल्य रु.२४० रहेको छ । पालिकाले जिल्ला दररेटलाई नै पालिका दररेट निर्धारण गरेकोमा १००*१२० को मेसिन मेड ग्याविन वक्सको ३*१*१ को दर रु.४४५५, २*१*१ को दर रु.३०९१ र १.५*१*१ को दर रु.२२५२ हुन आउने देखिन्छ । पालिकाले म्यानुअल रुपमा जाली बुन्ने कार्यको दरविश्लेषण गरी उपभोक्ता समितिसँग सम्झौता गरी सोही दरमा नै भुक्तानी गरेको कारण देहायअनुसार बढी भुक्तानी रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने देखिएको रु. | २०४६४९ |

| गो.भौ | योजनाको नाम | ग्याविन कार्य | कार्य परिमाण | प्रयोग गरेको दर | प्रयोग गर्नुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १४ | प्रगति चौर वेलौरी ढाडे सडक मर्मत वडा नं २ | २*१*१ | ९५ | ३५४९.५१ | ३०९१ | ४५८.५१ | ४३५५८.५ |
| | | १.५*१*१ | ५६ | २५७१.६७ | २२५२ | ३१९.६७ | १७९०१.५ |
| ३० | नेगी लेती दुसिम पहरे सडक वडा नं ४ | २*१*१ | १५० | ३५४९.५१ | ३०९१ | ४५८.५१ | ६८७७६.५ |
| २१ | नागी सुमुदायिक भवन र खेलमैदान वडा नं ४ | २*१*१ | ३० | ३५४९.५१ | ३०९१ | ४५८.५१ | १३७५५.३ |
| | | १.५*१*१ | ३० | २५७१.६७ | २२५२ | ३१९.६७ | ९५९०.१ |
| २२ | कोटगाँउ रातामाटा सडङ्क | ३*१*१ | ९ | ५९२६.३७ | ४४५५ | १४७१.३७ | १३२४२.३ |
| | | २*१*१ | ५६ | ३५४९.५१ | ३०९१ | ४५८.५१ | २५६७६.६ |
| | | १.५*१*१ | ३८ | २५७१.६७ | २२५२ | ३१९.६७ | १२१४७.५ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा २०४६४८.३ | |
| ६१. | **ग्याविन प्याकिङ्गमा बढी दर —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको दर विश्लेषण अनुसार ग्याविन प्याकिङ्ग कार्यको दर प्रति घनमिटर रु.२१५२।७० कायम गरेको छ । तर देहायका योजनाहरुमा फरक दरको प्रयोग गरी लागत अनुमान गरेको छ । उपभोक्ता समितिसँग सम्झौता गरी सोही दरमा नै भुक्तानी गरेको कारण देहायअनुसार बढी भुक्तानी भएको देखियो। बढी भुक्तानी भएको रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने देखिएको रु. | १५६१९६ |

| गो.भौ | योजनाको नाम | कार्य परिमाण | प्रयोग गरेको दर | प्रयोग गर्नुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४४ | वडा नं ६ नागथली भदौरे आवि तारजाली | ७० | २४७२ | २१५२.७० | ३१९.३ | २२३५१ |
| ५२ | वडा नं ६ जनता आवि तारजाली | ५४ | २४७२ | २१५२.७० | ३१९.३ | १७२४२.२ |
| २२ | वडा नं ४ कोटगाँउ रातामाटा सडक | १९६ | २५७१.६७ | २१५२.७० | ४१८.९७ | ८२११८.१ |
| ७ | बासबोटे वेसीखानी सिंजालीटोल सडक | ४० | २४७२ | २१५२.७० | ३१९.३ | १२७७२ |
| १४ | घोप्टे सिचाई मरम्त तथा विस्तार | १५ | २४७२ | २१५२.७० | ३१९.३ | ४७८९.५ |
| २७ | नासपतिको कार्कीगाउँ सडक | ५३ | २४७२ | २१५२.७० | ३१९.३ | १६९२२.९ |
| | जम्मा | | | | | १५६१९५.७ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६२. | **ढुंगाको प्रयोग —** स्थानीय स्तरमा उपलब्ध हुने ढूंगा लगायतका निर्माण सामाग्रीहरुको प्रयोग कलेक्सन गरी प्रयोग गर्दा कच्ची सडकमा १ किलोमिटर सम्म लोडअनलोड तथा ढुवानी समेत प्रति घन मिटर रु.६२०।६८ मात्र पर्ने देखिन्छ । पालिकाबाट संचालित योजनाहरुमा ढुंगाको प्रयोग हुने गरी निर्माण कार्य गर्दा प्रति घनमिटर रु.१०५० को दरले ढुंगा खरिद गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरीएको छ । तर उपभोक्ता समितिले ढुंगा खरिद गरेको नदेखिएको तथा श्रेस्तामा संलग्न फोटो अनुसार उपभोक्ता समितिले सडक निर्माण स्थलको नजिक तथा सडकमा रहेको चट्टानहरु ब्रेकर लगाई फोरी सोही ढुंगा प्रयोग गरेको देखिन्छ । जसअनुसार उपभोक्ता समितिलाई ढुंगाको कार्यमा प्रति घनमिटर रु.४२९।३२ का दरले बढी भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणको लागि नमुना छनौट गरिएको भौचरहरुको परीक्षण गर्दा यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| ६२.१ | गोभौ १९ मिति २०७७।०३।१९ बाट सदगाँउ बतासे साव्रा खोला सडक निर्माण उपभोक्ता समितिबाट २०७।५६ घनमिटर ढुंगा सोलिङ्ग कार्य गरेको देखिन्छ । तर सडक सोलिङ्गको आवश्यक पर्ने ढुंगा खरिद गरेको देखिएन । साथै श्रेस्तामा संलग्न फोटो अनुसार उपभोक्ता समितिले सडक निर्माण स्थालको नजिक तथा सडकमा रहेको चट्टानहरु ब्रेकर लगाई फोरी सोही ढुंगा प्रयोग गरेको देखिन्छ । जसअनुसार उपभोक्ता समितिलाई ढुंगाको कार्यमा प्रति घनमिटर रु.४२९।३२ का दरले २०७।५६ घनमिटरमा रु.८९१०९।६६ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ ढुंगाको कलेक्सन गरी कार्य गरेको अवस्थामा समेत खरिद गरेको दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असूल हुनुपर्ने देखिएको रु | ८९११० |
| ६३. | **ढुंगाको परिमाण नघटाएको -** सडक संरचना निर्माणका लागि नेपाल सरकार मन्त्रीपरिषदबाट २०७५।०४।२५ मा स्वीकृत नर्म्स २०७५ अनुसार सडक निर्माण गर्ने क्रममा एक्साभेटरको प्रयोग गरी हार्ड रक खन्ने कार्य भएको अवस्थामा निस्कने ढुंगाहरुमध्ये कम्तीमा ५० प्रतिशत ढुंगा प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाबाट यस वर्ष संचालित योजनाहरुमा हार्ड रक एक्साभेसन दिएको अवस्थामा समेत सोही योजनामा ड्राई म्यासनरी वाल, रिटेनिङ्ग वाल तथा ग्याविन भर्ने कार्यमा उक्त ढुंगाहरु प्रयोग गर्ने र नपुग ढुंगामात्र खरिद गर्ने गरी लागत अनुमान तयार खान्ने कार्यबाट प्राप्त हार्ड रकम डीस्पोजल गर्ने तथा वालका लागि आवश्यक ढुंगा खरिद गर्ने गरी लागत अनुमान तयार गरी निर्माण कार्यको सम्झौता गरेको छ । तर उपभोक्ता समितिले संरचना निर्माणका लागि आवश्यक पर्ने ढुंगा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खरिद गरेको देखिने प्रमाण संलग्न नरहेकोले सोही स्थानमा खन्ने कार्य गर्दा प्राप्त ढुंगाहरु प्रयोग भएको छैन्न भनी भन्न सकिने अवस्था रहेन । जसबाट ड्राई वाल, रिटेनिङ्ग वाल तथा ग्याविन वर्कको लागि आवश्यक पर्ने ढुंगामा प्रति घ.मि. रु.१०५० का दरले भुक्तानी भएकोले पालिकालाई देहायका योजनामा निम्नानुसारको रकम थप व्ययभार परेको  देखिन्छ । तसर्थ सडकको स्वीकृत नर्म्स २०७५ अनुसार ५० प्रतिशत ढुंगाको पुनः प्रयोग नगरी बढी व्ययभार परेको रकम असुल हुनुपर्ने देखिएको रु. | १७०८४१३ |

| गोभौ | विवरण | रकम |
|---|---|---|
| २७ | वडा नं १, गोभौ २७ मिति २०७७।०३।३० बाट दिलौरी कपिन्डे जगमाने सडक सोलिङ्ग गाविन हिङ्ग खोला ह्युमपाईप तथा पलम्बीङ्ग वाल निर्माण प्रति घ.मि.रु.८१८।५२ का दरले २४६।८५ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा स्वीकृत नर्म्स अनुसार कम्तीमा ५० प्रतिशत अर्थात १२३।४३ घनमिटर ढुंगा प्रयोग गर्नुपर्न देखिन्छ । तर  सोही योजनामा सोलिङ्गको आवश्यक पर्ने ढुंगा प्रति घ.मि. रु.१०५०का दरले अन्तबाट खरिद गर्ने गरी लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । जसबाट सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गरेको श्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । तसर्थ खन्ने कार्य गर्दा निस्केको ५० प्रतिशतले हुने २४६।८५ घनमिटर ढुंगाको प्रयोग नगरेको कारण प्रति घ.मि.रु.१०५० का रु.२५९१९२।५० बढी भुक्तानी भएको देखिएको रु | २५९१९३ |
| २८ | वडा नं २, गोभौ २८ मिति २०७७।०३।३१ बाट वेलौरी सेराखु पहरे तेली सडक निर्माण प्रति घ.मि.रु.८१८।५२ का दरले १६९६।६८ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा स्वीकृत नर्म्स अनुसार कम्तीमा ५० प्रतिशत अर्थात ८४८।३४ घनमिटर ढुंगा प्रयोग गर्नुपर्न देखिन्छ । तर  सोही योजनामा पर्खाल लगाउने र ग्याविन भर्ने कार्यको लागि आवश्यक पर्ने ढुंगा १८४ घनमिटर ढुंगा प्रति घ.मि. रु.१०५० का दरले अन्तबाट खरिद गर्ने गरी लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । जसबाट सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गरेको श्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । तसर्थ खन्ने कार्य गर्दा निस्केको ढुंगाको प्रयोग नगरेको कारण प्रति घ.मि.रु.१०५० का रु.१९३४९४ बढी भुक्तानी भएको देखिएको रु | १९३४९४ |
| ३३ | वडा नं ३, गोभौ ३३ मिति २०७७।०३।३१ बाट आईतबारे चिलाउने खोला भिरगाउँ सडक निर्माण प्रति घ.मि.रु.८१८।५२ का दरले ४८५७।१२ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा स्वीकृत नर्म्स अनुसार कम्तीमा ५० प्रतिशत अर्थात २४२८।५६ घनमिटर ढुंगा प्रयोग गर्नुपर्न देखिन्छ । तर  सोही योजनामा ५८।९८ घनमिटर पर्खाल लगाउने र ७।१४ घनमिटर सोलिङ्ग गर्ने कार्यको लागि आवश्यक पर्ने ढुंगा ६६।१२ घनमिटर ढुंगा प्रति घ.मि. रु.१०५० का दरले अन्तबाट खरिद गर्ने गरी लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । जसबाट सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गरेको श्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । तसर्थ खन्ने कार्य गर्दा निस्केको ढुंगाको प्रयोग नगरेको कारण प्रति घ.मि.रु.१०५० का रु.६९४२६ बढी भुक्तानी भएको देखिएको रु | ६९४२६ |
| ३० | वडा नं ४, नागी लेती दुसिम पहरे सडक निर्माण प्रति घ.मि.रु.८१८।५२ का दरले ३३२३।६१ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा स्वीकृत नर्म्स अनुसार कम्तीमा ५० प्रतिशत अर्थात १६६१।८५ घनमिटर ढुंगा प्रयोग गर्नुपर्न देखिन्छ । तर  सोही योजनामा २९।६ घनमिटर पर्खाल लगाउने र ३०० घनमिटर ग्याविनजालि भर्ने कार्यको लागि आवश्यक पर्ने ढुंगा ३२९।६० घनमिटर ढुंगा प्रति घ.मि. रु.१०५० का दरले अन्तबाट खरिद गर्ने गरी लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । जसबाट सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गरेको श्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । तसर्थ खन्ने कार्य गर्दा निस्केको ढुंगाको प्रयोग नगरेको कारण प्रति घ.मि.रु.१०५० का रु.३४६०८० बढी भुक्तानी भएको देखिएको रु | ३४६०८० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २२ | वडा नं ४, कोटगाँउ रातामाटा सडक निर्माण प्रति घ.मि.रु.८१८।५२ का दरले २४७।६७ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । तर सोही योजनामा १९६ घनमिटर ग्याविनजालि भर्ने कार्यको लागि आवश्यक पर्ने ढुंगा प्रति घ.मि. रु.१०५० का दरले अन्तबाट खरिद गर्ने गरी लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । जसबाट सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गरेको श्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । तसर्थ खन्ने कार्य गर्दा निस्केको ढुंगाको प्रयोग नगरेको कारण प्रति घ.मि.रु.१०५० का रु.२०५८०० बढी भुक्तानी भएको देखिएको रु | २०५८०० |
| २६ | वडा नं ५, चावा खर्क पिपल्दीप गैरी धोवी सडकसोलिङ्ग अन्तरगत प्रति घ.मि.रु.८१८।५२ का दरले ३३३।९५ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी उपभोक्ता समितिलाई भुक्तानी दिएको छ। तर सोही योजनामा १९६ घनमिटर ग्याविनजालि भर्ने कार्यको लागि आवश्यक पर्ने ढुंगा प्रति घ.मि. रु.१०५० का दरले अन्तबाट खरिद गर्ने गरी लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । जसबाट सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गरेको श्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । तसर्थ खन्ने कार्य गर्दा निस्केको ढुंगाको प्रयोग नगरेको कारण प्रति घ.मि.रु.१०५० का रु.३५०६४७ बढी भुक्तानी भएको देखिएको रु | ३५०६४७ |
| ६३ | वडा नं ६, पाखावारी कामीगाँउ सडक अन्तरगत प्रति घ.मि.रु.८१८।५२ का दरले २७०।२६ घ.मि. हार्ड रक कटिङ्गको कार्य भएको भनी उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । तर सोही योजनामा ३४६।४३ घनमिटर सोलिङ्ग गर्ने कार्यको लागि आवश्यक पर्ने ढुंगा प्रति घ.मि. रु.१०५० का दरले अन्तबाट खरिद गर्ने गरी लागत अनुमान तयार भएकोमा सोही दरमा भुक्तानी भएको छ । जसबाट सडक निर्माण गर्दा प्राप्त ढुंगाको प्रयोग गरेको श्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । तसर्थ खन्ने कार्य गर्दा निस्केको ढुंगाको प्रयोग नगरेको कारण प्रति घ.मि.रु.१०५० का रु.२८३७७३ बढी भुक्तानी भएको देखिएको रु | २८३७७३ |
| | **जम्मा** | **१७०८४१३** |

६४. **मेसिन लागएकोमा म्यानुअल दर** ' पालिकाले प्रयोग गरेको स्वीकृत नर्म्स अनुसार खन्ने कार्य मान्छेबाट हुने गरी प्रति घ.मि.रु.४२० र मेसिन लगाई गर्दा प्रति घ.मि.दर रु.६८।४४ रहेको छ । पालिकाबाट सोलिङ्ग कार्य अन्तरगत सतह मिलाउने तथा खन्ने कार्य म्यानुअल हुने गरी लागत अनुमान तयार भएकोमा देहायका योजनामा मेशिन लगाई कार्य गरेकोमासमेत लागत अनुमानकै दरमा भुक्तानी भएको छ । जसबाट देहाय अनुसार बढी भुक्तानी हुन गएको देखिएकोले उक्त रकम असूल हुनुपर्ने रु. ९५९११३

| भौ.नं. | व्यहोरा | रकम |
|---|---|---|
| १६ | वडा नं १, सदगाँउ वतासे सात्राखोला सडक निर्माण कार्यको अन्तरगत सोलिङ्गको लागि माटो काटने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४२० को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ.स.ले एक्साभेटर प्रयोग गरेको विजक र उपभोक्ता समितिको माईनुटमा तथा फोटो भएको)* प्रति घ.मि.रु.६८।४४ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४२० का दरले भुक्तानी भएकोले प्रति घ.मि. रु.३५१।५६ का दरले १९९।७१ घ.मि.मा रु.७०२१०।०५ बढी भुक्तानी भएको रकम रु. | ७०२१० |
| २० | वडा नं १, जागमाने साउने पानी थापाँडाँडा वडा कार्यालय जाने सडक सोलिङ्ग तथा ग्याविन निर्माण कार्यको अन्तरगत सोलिङ्गको लागि माटो काटने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४२० को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ.स.ले तामे विल्डर्सको एक्साभेटर प्रयोग गरेको विजक र उपभोक्ता* | २३६६५३ |

| दफा | भौ.नं. | मिति र ब्यहोरा | रकम | बेरुजू रकम |
|---|---|---|---|---|
| | | *समितिको माईनुटमा तथा फोटो भएको)* प्रति घ.मि.रु.६८।४४ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४२० का दरले भुक्तानी भएकोले प्रति घ.मि. रु.३५१।५६ का दरले ६७३।१५ घ.मि.मा रु.२३६६५२।६१ बढी भुक्तानी भएको रकम रु. | | |
| | २७ | वडा नं १, दिलौरी कुपिण्डे जगमाने सडक सोलिङ्ग तथा ग्याविन निर्माण कार्यको अन्तरगत सोलिङ्गको लागि माटो काटने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४२० को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ.स.ले मेसिनको प्रयोग गरी कार्य गर्दै गरेको फोटो भएको)* प्रति घ.मि.रु.६८।४४ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४२० का दरले भुक्तानी भएकोले प्रति घ.मि. रु.३५१।५६ का दरले ८८२।२१ घ.मि.मा रु.३१०१४९।७५ बढी भुक्तानी भएको रकम रु. | ३१०१५० | |
| | २६ | वडा नं ५, चावाखार्क पिपलदीप गैरी धोवि सडक सोलिङ्ग कार्यको अन्तरगत सोलिङ्गको लागि माटो काटने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४२० को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ.स.ले मेसिनको प्रयोग गरी कार्य गर्दै गरेको फोटो भएको)* प्रति घ.मि.रु.६८।४४ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४२० का दरले भुक्तानी भएकोले प्रति घ.मि. रु.३५१।५६ का दरले ६३६।१८ घ.मि.मा रु.२२३६५५।४४ बढी भुक्तानी भएको रकम रु. | २२३६५६ | |
| | ६३ | वडा नं ६, पाखवारी कामीगाउँ सडक सोलिङ्ग कार्यको अन्तरगत सोलिङ्गको लागि माटो काटने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४२० को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ.स.ले मेसिनको प्रयोग गरी कार्य गर्दै गरेको फोटो भएको)* प्रति घ.मि.रु.६८।४४ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४२० का दरले भुक्तानी भएकोले प्रति घ.मि. रु.३५१।५६ का दरले ३३६।९१ घ.मि.मा रु.११८४४४।०८ बढी भुक्तानी भएको रकम रु. | ११८४४४ | |
| | | **जम्मा** | **९५९११३** | |

**६५. पाईप तथा तारजाली वितरण —** सार्वजनिक खरिद नियमावलीको को नियम १० अनुसार निर्माण सामाग्रीको लागत अनुमान तयार गरी खरिद कारबाही गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायअनुसर पाईप तथा तारजालीहरु सोझै खरिद गरेकोमा पालिकाको जिन्सी खातामा दाखिला समेत गरेको देखिएन । साथै लाभग्रीहीलाई कुन कुन सूचाकांकको आधारमामा के कति पाईप तथा तारजाली दिईएको हो तथा वितरित पाईप जाडान तथा तारजाली प्रयोग भए नभएको सो समेत खुल्ने प्राविधिक मुल्यांकनसमेत समावेश गरेको पाईएन। उक्त पाईप तथा तारजालीहरु जडान भएको प्राविधिक विल पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. — बेरुजू रकम: १४९६४०५

| भौ.नं. | विवरण | रकम |
|---|---|---|
| २९ | वडा नं १ ले सनलाईट सप्लायर्सबाट स्टोर्शबाट २*१*१ को ८८० वर्ग मिटर र १.५*१*१ को ८४८ वर्गमिटर जाली खरिद गरेकोमा जिन्सी किताबामा दाखिला गरेको, वितरण गरेको तथा सोको जडान भएको देखिने प्रमाण पेश नभएको | ५००८५२ |
| २९ | वडा नं १ ले सनलाईट सप्लायर्सबाट स्टोर्शबाट ५५० एमएमको ९३४ मिटर पाईप जिन्सी किताबामा दाखिला गरेको, वितरण गरेको तथा सोको जडान भएको देखिने प्रमाण पेश नभएको | ५००८०५ |
| २४ | वडा नं ४ ले ढकाल निमार्णबाट १६ एमएमको ५४०० र २० एमएम ६९०० मिटर पाईप जिन्सी किताबामा दाखिला गरेको, वितरण गरेको तथा सोको जडान भएको देखिने प्रमाण पेश नभएको | ४९४७४८ |
| **जम्मा** | | १४९६४०५ |

**६६. योजना संशोधन '** पालिकाले स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अनुसार शिर्षक फरक नपर्ने गरि खर्च गर्नुपर्दछ । तर पालिकाको सभाले देहाय अनुसारको योजना तथा कार्यक्रम खर्च गर्ने गरी बजेट स्वीकृत गरेकोमा योजना तथा कार्यक्रम संशोधन तथा सभाबाट सोको समर्थन वेगर फरक योजना तथा कर्यक्रममा

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>खर्च गरेको देखिन्छ । तसर्थ योजना तथा कार्यक्रम संशोधन बेगर भएको खर्च रकम सभाबाट समर्थन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं.</th><th>बजेटमा भएको योजना</th><th>खर्च गरिएको योजना</th><th>खर्च रकम</th></tr>
<tr><td>२१</td><td>वडा नं २ स्वास्थ्य स्यवम सेवीका भत्ता शिर्षक</td><td>वडा नं २ वर्थिङ्ग सेन्टर व्यवस्थापन</td><td>१५००००</td></tr>
<tr><td>२२</td><td>वडा नं २ कालिका आधारभूत विद्यालय मर्मत</td><td>विद्यालयले डेस्क वेन्च टबल कुर्सी लगायतका मालसामान खरिद गरीगरेको तथा उक्त सामान जिन्सी दाखिला समेत नभएको</td><td>२०९९६२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३५९९६२</td></tr>
</table></td><td>३५९९६२</td></tr>
<tr><td>६७.</td><td>प्रमाण वेगर भुक्तानीः पालिकाले ७५ प्रतिशत अनुदानमा ७५ प्रतिशत क्रस वोयर बोका खरिद गरी वितरण गर्ने कार्यक्रम राखी बजेट व्यवस्थापन गरेको छ । पालिकाबाट यस वर्ष खरिद गरिएका बोकाहरु बिमा गरेको, स्वास्थ्य परीक्षण गरी प्रजनन योग्य रहेको देखिने प्रमाण संलग्न रहेको दखिएन । साथै उक्त खरिद गरिएका बोका ७५ प्रतिशत रहेका देखिने जेनेरेसन रजिष्टर सहितको प्रमाण समेत संलग्न रहेको देखिएन । यस सम्बन्धमा देखिएको व्यहोराहरु देहाय अनुसार रहेका छन् ।</td><td></td></tr>
<tr><td>६७.१</td><td>वडा नं २ ले गो भौ २० मिति २०७८।०३।३१ बाट श्री सुनौलो बाख्रा पालन फर्मबाट रु.४९८१०० का ९ वटा ७५ प्रतिशत वोयर वोका खरिद गरेको छ । तर कृषकले बेहोर्ने २५ प्रतिशत रकम समेत वेहोरेको देखिएन । तसर्थ कृषकले बेहोर्नुपर्ने २५ प्रतिशत रकम रु.१२४५०० असुल गरी गरिएका ७५ प्रतिशत क्रस वोयर भएको देखिने जेनेरेसन रजिष्टर, विमा गरेको प्रमाण सहितको भएको प्रमाण पेश हुनुपर्ने रु ...</td><td>४९८०००</td></tr>
<tr><td>६७.२</td><td>वडा नं ५ ले गो भौ १८ मिति २०७८।०३।३१ बाट श्री सुनौलो बाख्रा पालन फर्मबाट रु.३००००० का ३ वटा ७५ प्रतिशत वोयर वोका खरिद गरेको छ । तर उक्त खरिद गरिएका वोकाहरु ७५ प्रतिशत क्रस वोयर भएको देखिने जेनेरेसन रजिष्टर, विमा गरेको प्रमाण सहितको भएको प्रमाण पेश हुनुपर्ने रु ...</td><td>३०००००</td></tr>
<tr><td>६८.</td><td>बढी भुक्तानी – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । गोभौ २० मिति २०७७।०३।३० बाट प्राथामिक स्वास्थ्य केन्द्र खिम्ती व्यवस्थापनका लागि वडा नं ६ को बजेटबाट रु.४७६००० भुक्तानी भएकोमा उक्त संस्थाले दराज, टेबल, कुर्सी, वेड लगायतका रु.२७५००० को मात्र मालसामान खरिद गरेको विल तथा सोको प्राविधिक मूल्यांकन श्रेस्तामा संलग्न रहेको छ । तर पालिका प्राविधिकबाट भएको मूल्यांकनमा उक्त कार्य रु.२७५२०० को भएको प्राविधिक मुल्यांकन समावेश गरी रु.४७६००० भुक्तानी दिनुको कारण स्पष्ट हुन सकेन । तसर्थ प्राविधिक मूल्यांकन भन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.</td><td>२०१०००</td></tr>
<tr><td>६९.</td><td>मुल्याङ्कन भन्दा बढी भुक्तानी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । गोभौ ३९ मिति २०७७।०३।३० बाट तामाकोशि जनजाग्रीती माविलाई वडा नं ६ को बजेटबाट रु.३००००० भुक्तानी भएकोमा उक्त विद्यालयले दराज, टेबल, कुर्सी लगायतका रु.२१९००० को मात्र मालसामान खरिद गरेको विल तथा सोको प्राविधिक मूल्यांकन श्रेस्तामा संलग्न रहेको छ । तर पालिका प्राविधिकले तयार गरेको प्राविधिक मूल्यांकनमा रु.२७५२०० मात्र कार्य भएको अवस्थामा रु.३००००० भुक्तानी दिनुको कारण स्पष्ट हुन सकेन । तसर्थ प्राविधिक मूल्यांकन भन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.</td><td>८१०००</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

**७०.** **विस्तृत परियोजना प्रतिवेदन तयारी खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना तथा डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| भौ नं | कार्य विवरण | परामर्शदाता | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|
| १ | धोवी हेल्थपोष्ट चित्रे चौतारा कैवा सडक | ईन्भाईरोमेन्ट एण्ड ईन्जिनियरिङ्ग रिसर्च सेन्टर | ६५१२५४.०८ | ६४२७४४ |
| २ | बनौती दुरागाँउ कट्टी सिचाई | स्काई ईन्जिनियरिङ्ग प्रालि | ७४७१०५.१५ | ७४०१५० |
| ३ | धोवी चोप्पु सारुडाँडा खोल्माडाँडा सडक | एईए ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५६९८४७.३२ | ५६१६१० |
| ४ | हिमगंगा खोला ढाडखर्क मुहान हुदै धोवी वृहत खानेपानी | प्लानेट ईन्जिनियरिङ्ग सर्भिसेज प्रालि | १९९७३९९.३० | १९७७५०० |
| ५ | दिलौरी सहिद स्मृती प्रतगि चौर वेलौरीडाडा सडक | ओझा ईन्जिनियरिङ्ग सर्भिसेज प्रालि | ९७६८८१.११ | ९६२७६० |
| ६ | तिल्पुङ्ग छगाँउ बोहोरागाँउ चावाखर्क छाप सडक | ईलिप्स ईन्जिनियरिङ्ग सर्भिसेज प्रालि | १३०२५०८.१५ | ९७६३२० |
| ७ | दिलौरी जगमाने सानेपानी खापिङ्ग थापाडाँडा वडा कार्यालय सडक | स्पेश ईन्जियरिङ्ग सर्भिसेज प्रालि | ९७६८८१.११ | ९६८१४४ |
| ८ | वडा नं ३ कार्यालय | युनिक डिजाईन एण्ड डेभलपमेन्ट ईन्जिनियरिङ्ग | ७९६७१७.८० | ९९९४८५ |
| ९ | विभिन्न ४ वटा सडकहरु | दरौदी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | १६९५७३६.५३ | १५९९५१५ |
| १० | झक्रीडाँडँ नागथली थाम डाडा सडक | मनास्लु ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | ९४८६६.०८ | ७९६७१७ |
| ११ | स्याबु आर्गेन फङ्चूङ्ग छोलिङ्ग गुम्का भवन निर्माण | राईजिङ्ग ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | ७०००००.०० | ६५५४०० |
| १२ | कृषि तथा जडीबुटी सम्भाव्यता अध्यायान | आरपी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | ४९९७९९.०० | ४९७९४५ |
| जम्म | | | **११००८९९५.६३** | **११३७८२९०** |

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् -

**७०.१** पालिकाले परामर्श सेवाको लागत अनुमान तयार गर्दा एकै प्रकारका कार्यहरुको एउटै प्याकेज बनाई प्रतिस्प्रधाको माध्यमबाट सेवा प्राप्त गर्नुपर्नेमा सो नगरी टुक्रा टुक्रामा खरिद गरेको छ ।

**७०.२** उपरोक्त अनुसार प्राप्त प्रतिवेदनहरु जिन्सी आम्दानी बाँधि सूरक्षित हुने गरी भण्डारण गरेको देखिएन् ।

**७०.३** उपरोक्त अनुसारका १२ मध्ये सि.नं.८ र ११ बाहेकका योजनाहरुको डीपीआर प्रतिवेदन लेखापरीक्षण अवधि सम्मपनि कार्यान्वयनमा आएको पाईएन् ।

**७०.४** यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई तथा पालिका प्राविधिकबाट उक्त कार्य हुन सक्ने वा नसक्ने यकिन नगरि स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । तसर्थ डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

**७१.** **बढी —** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा अनुसूची १ क मा तोकीएको ढाँचामा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले देहाय अनुसार योजनाको डीपीआर तयार गर्दा फरक नर्म्स तथा ढाँचाको प्रयोग गरी बढी हुने गरी लागत अनुमान तयार गरी सम्झौता गरे अनुसार भुक्तानी दिएको छ । जसअनुसार देहाय योजनामा निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिएको रकम असूल हुनुपर्ने देखिएको रु. १४९४७२

| भौ नं | परामर्शदाता | विवरण | ढी भुक्तानी |
|---|---|---|---|
| ८ | युनिक डिजाईन एण्ड डेभलपमेन्ट ईन्जिनियरिङ्ग | वडा नं ३ कार्यालय भवनको डीपीआरको लागत अनुमान तयार गर्दा कन्सल्टेन्सीको कार्यालय व्यवस्थापन खर्च ४ प्रतिशतले हुने रकम रु.२४५२३।८३ मात्र समावेश गर्नुपर्नेमा १५ प्रतिशत समावेश गरी | **६७१४०.५१** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | | रु.९१६६४।३४ समावेश गरेकोले बढी भुक्तानी भएको देखिएको रु. | |
| ११ | राईजिङ्ग ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | स्याबु आर्गेन फङ्गचूङ्ग छोलिङ्ग गुम्का भवन निर्माणको डीपिआरको लागत अनुमान तयार गर्दा कन्सल्टेन्सीको कार्यालय व्यवस्थापन खर्च ४ प्रतिशतले हुने रकम रु.२१५४६।७५ मात्र समावेश गर्नुपर्नेमा १५ प्रतिशत समावेश गरी रु.८०८००।३१ समावेश गरेकोले बढी भुक्तानी भएको देखिएको रु. | **५९२५३.५६** |
| १२ | आरपी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | कृषि तथा जडीबुटी सम्भाव्यता अध्यायानको डीपिआरको लागत अनुमान तयार गर्दा कन्सल्टेन्सीको कार्यालय व्यवस्थापन खर्च ४ प्रतिशतले हुने रकम रु.१५३८४।७० मात्र समावेश गर्नुपर्नेमा १० प्रतिशतले समावेश गरी रु.३८४६१।७४ समावेश गरेकोले बढी भुक्तानी भएको देखिएको रु. | **२३०७७.०४** |
| जम्मा | | | १४९४७१.११ |

**७२.** **निजी फर्मलाई अनुदान –** बजेट तथा कार्यक्रम तयार गर्दा प्रतिस्पर्धा सिमित हुने गरी कुनै निश्चत व्यक्ती तथा संस्थालाई तोकेर कार्यक्रम तर्जुमा गर्न मिल्ने कानूनी व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ मा देखिदैन। तर यस पालिकाले वडा कार्याललाई दिएको बजेटबाट वडा कार्यालयले निजी फर्माको नाममा बजेट विनियोजन गरी अनुदानको लागि मापदण्ड, सुचना प्रकाशन, प्रस्ताव माग, लाभग्रही छनौट लगायतका कार्यहरु नगरी सम्बन्धीत वडाको सिफारिसको आधारमा पालिकाले भुक्तानी गरेको छ । वडा कर्यालयले आफ्नो वार्षिक कार्यक्रममै समावेश गरी विना प्रतिस्पर्धा अनुदान उपलब्ध गराउनु उचित देखिएन। निश्चित व्यक्तीलाई मात्र नाफाहुने गरी कार्यक्रममै संस्था तोकेर अनुदान उपलब्ध गराउन नमिल्ने देखिएकोले देहाय अनुसार फर्मलाई दिएको रकम असूल गरी यस प्रकारको कार्यमा नियन्त्रण हुनुपर्ने देखिएको रु. — बेरुजू रकम: १४२६०००

| गो.भौ. | कार्य र विवरण | रकम रु |
|---|---|---|
| १० | कडरीया एण्ड कार्की कृषि फर्म एण्ड रिसर्ज सेन्टरलाई अनुदान | २९१०००.०० |
| ११ | नर्वदेश्वर एग्रीकल्चर फर्म प्रालि | ४८५०००.०० |
| ५० | नर्वदेश्वर बाखा फर्म<br>*५० प्रतिशत क्रस वोयर बोका खरिद गरेको ५० प्रतिशत क्रस रहेको देखिने प्रमाण समेत संलग्न नरेहको* | ३०००००.०० |
| ४१ | राधा पोल्ट्री फर्म | ५००००.०० |
| ५८ | प्रशान्त पोल्ट्री फर्म | ५००००.०० |
| ५९ | दुनिया पोल्ट्री फर्म | ५००००.०० |
| ६५ | पौरखी बंगुर पालन फर्म | २०००००.०० |
| **जम्मा** | | **१४२६०००** |

**७३.** **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च –** पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका देहायअनुसारका कार्यहरुमा समेत पालिकाले पूँजीगत शीर्षकबाट खर्च लेखेको पाईयो । यसमा नियन्त्रण हुनुपर्दछ ।

| **गो.भौ.** | **विवरण** | **रकम** |
|---|---|---|
| २१ | वडा नं २ वर्थिङ्ग सेन्टर व्यवस्थापन अन्तरगत दैनीक भत्ता, कर्मचारी परिश्रमिक लगायतका खर्च गरेको रकम भुक्तानी | ८०२३०५ |

**७४.** **सम्झौता अनुसार कार्य नभएको** - उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र उपभोक्ता समिति बीच देहायअनुसार कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष निम्नानुसारको परिमाणमामात्र कार्य भएको पाईयो । आ.व.२०७७।७८ मा समेत उक्त

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

योजनामा बजेट विनियोजन नभएको तथा सालबसाली रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुनुका साथै निर्मित संरचाना उपयोग विहिन हुने र लागतमा समेत वृद्धि हुदै जाने स्थिति रहन्छ। तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गर्नुपर्दछ ।

| भौ.नं. | योजना।उ.स | सम्झौता मिति | लागत अनुमान | कार्य सम्पादन भएको | कार्यसम्पन्न प्रतिशत |
|---|---|---|---|---|---|
| २३ | वडा नं १ वडा कार्यालय गैरावारी वरडाँडा कर्कले सतिघाट ढाडे सडक | २०७७।२।१५ | ५२५६०९ | २३२७९९ | ४४।१९ |
| २४ | वडा नं २ अमलबोटे सेता पहरा तारुके सडक | २०७७।२।०८ | १०७३८२५ | ७६१४२२ | ७०।९२ |
| ३५ | वडा नं ३ शान्ती डाँडा आदेश महत टोल | २०७७।२।२९ | ३२५१७३ | १९५५५१ | ६० |
| २१ | वडा नं ५ चावाखर्क चण्डीडाँडा सडक | २०७७।२।१९ | १०९६५७० | ५८३७४५ | ५३।१९ |

**७५.** **मू.अ.कर समायोजन '** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी ५० प्रतिशत मात्र भूक्तानी दिने उल्लेख छ । तर पालिकाले तपसिलबमोजिमका कार्यमा नियमानुसार ५० प्रतिशत मू.अ.कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित निर्माण व्यवसायि वा आपुर्तिकर्तालाई पालिकाबाट भूक्तानी भएको मु.अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. **१९७५२०**

| गो.भौ. | विवरण | निर्माण व्यवसायि/सप्लायर्स | भुक्तानी मु.अ.कर | ५०% मु.अ.कर |
|---|---|---|---|---|
| २९ | वडा नं १ तारजाली खरिद | सनलाईट सप्लायर्स | ५७६२० | २८८१० |
| २९ | वडा नं १ पाईप खरिद | सनलाईट सप्लायर्स | ५७६१४ | २८८०७ |
| २४ | वडा नं ४ पाईप खरिद | ढकाल निर्माण सेवा | ५६९१८ | ५६९१८ |
| १९ | हेण्ड सेनीटाईजर लगायतका सामान | अनुराग ईन्टरप्राईजेज | ५१८९६ | २५९४८ |
| ७ | ब्राण्डेड कार्यालय व्याग | नवज्योती ईन्टरप्राईजे | ५६८७५ | २८४३७ |
| १० | पेन्टयाक्स टोटल स्टेसन ट्राईपड | अफिस मटेरियल सिस्टम | ५७२०० | २८६०० |
| **जम्मा** | | | **३३८१२३** | **१९७५२०** |

**७६.** **बढी भुक्तानी** - कन्टीनजेन्सी तर्फ गोभौ १ मिति २०७७।०३।३१ बाट श्री राजकुमार आलेमगरलाई रु.२३५८८ भुक्तानी दिएकोमा रु.१५७२८ को मात्र विल पेश गरेको देखिएकोले रु.६८६० बढि भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. ६८८०

**७७.** **फोटोकफी विलको प्रयोग-** कन्टीनजेन्सी तर्फ गोभौ ७ मिति २०७७।०३।३१ बाट बाण्डेड झोला खरिद गरे वापत श्री नवज्योती हार्डवेयरको विल नं २०५ को फोटोकपी विल समावेश गरी रु.४९४३७५ भुक्तानी दिएको छ । सक्कल विल पेश हुनुपर्ने देखिएको रु. ४९४३७५

**प्रदेश सरकारबाट हस्तान्तरित - सशर्त कार्यक्रम**

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>७८.</td><td>ग्याविनको कार्यमा बढी भुक्तानी — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । स्वीकृत जिल्ला दररेट अनुसार प्रति ब.मि.जालीको मुल्य रु.२४० रहेको छ । पालिकाले जिल्ला दररेटलाई नै पालिका दररेट निर्धारण गरेकोमा १००*१२० को मेसिन मेड ग्याविन वक्सको ३*१*१ को दर रु.४४५५, २*१*१ को दर रु.३०९१ र १.५*१*१ को दर रु.२२५२ हुन आउने देखिन्छ । पालिकाले म्यानुअल रुपमा जाली बुन्ने कार्यको दरविश्लेषण गरी उपभोक्ता समितिसँग सम्झौता गरी सोही दरमा नै भुक्तानी गरेको कारण देहायअनुसार बढी भुक्तानी भएको देखियो। बढी भुक्तानी भएको रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ</th><th>योजनाको नाम</th><th>ग्याविन कार्य</th><th>कार्य परिमाण</th><th>प्रयोग गरेको दर</th><th>प्रयोग गर्नुपर्ने दर</th><th>बढी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>खिम्ती शिवालय धोवी सडक वडा नं ६</td><td>२*१*१</td><td>१४०</td><td>३५४९.५१</td><td>३०९१</td><td>४५८.५१</td><td>६४१९१.४०</td></tr>
<tr><td rowspan="2">३</td><td rowspan="2">दिही तिल्पुङ्ग सडक स्तरउन्नती वडा नं ७</td><td>२*१*१</td><td>११४</td><td>३५४९.५१</td><td>३०९१</td><td>४५८.५१</td><td>५२२७०.१४</td></tr>
<tr><td>१.५*१*१</td><td>३०</td><td>२५७१.६७</td><td>२२५२</td><td>३१९.६७</td><td>९५९०.१०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td></td><td></td><td>१२६०५१.६४</td></tr>
</table></td><td>१२६०५२</td></tr>
<tr><td>७९.</td><td>मेसिन लगाएकोमा म्यानुअल दर ‘ पालिकाले प्रयोग गरेको स्वीकृत नर्म्स अनुसार खन्ने कार्य मान्छेबाट हुने गरी प्रति घ.मि.रु.४२० र मेसिन लगाई गर्दा प्रति घ.मि.दर रु.६८।४४ रहेको छ । छ । पालिकाबाट सोलिङ्ग कार्य अन्तरगत सतह मिलाउने तथा खन्ने कार्य म्यानुअल हुने गरी लागत अनुमान तयार भएकोमा देहायका योजनामा मेशिन लगाई कार्य गरेकोमासमेत लागत अनुमानकै दरमा भुक्तानी भएको छ । जसबाट देहाय अनुसार बढी भुक्तानी हुन गएको देखिएकोले उक्त रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं.</th><th>ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>खिम्ती सिवालय धोवी सडक वडा नं ६ निर्माण कार्य अन्तरगत सोलिङ्गको लागि माटो काटने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४२० को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा (उ.स.ले एक्साभेटर प्रयोग गरी कार्य गरेको फोटो भएको) प्रति घ.मि.रु.६८।४४ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४२० का दरले भुक्तानी भएकोले प्रति घ.मि. रु.३५१।५६ का दरले ५४६।८ घ.मि.मा रु.१९२२३३ बढी भुक्तानी भएको रकम रु.</td><td>१९२२३३</td></tr>
<tr><td>२</td><td>धोवी सैपु दुरागाँउ कुभिण्डे सडक स्तरउन्नती कार्य अन्तरगत सोलिङ्गको लागि माटो काटने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४२० को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा (उ.स.ले एक्साभेटर प्रयोग गरी कार्य गरेको फोटो तथा उसको माईनुमा उल्लेख भएको) प्रति घ.मि.रु.६८।४४ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४२० का दरले भुक्तानी भएकोले प्रति घ.मि. रु.३५१।५६ का दरले ९७३ घ.मि.मा रु.३४२०६७।८८ बढी भुक्तानी भएको रकम रु.</td><td>३४२०६८</td></tr>
<tr><td>४२</td><td>वडा नं ६, जनजागृती आवि व्यवस्थापन अन्तरगत माटो काटने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४२० को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा (उ.स.ले गौरी भूमेश्वरी निर्माण सेवाको एक्साभेटर प्रयोग गरेको विल भएको) प्रति घ.मि.रु.६८।४४ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४२० का दरले भुक्तानी भएकोले प्रति घ.मि. रु.३५१।५६ का दरले २४१।५० घ.मि.मा रु.८४९०१।७४ बढी भुक्तानी भएको रकम रु.</td><td>८४९०२</td></tr>
</table></td><td>८३७१७१</td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ३ प्रदेश सशर्त — दीही तिल्पुङ्ग सडक स्तरउन्नती वडा नं ७ निर्माण कार्य अन्तरगत सोलिङ्गको लागि माटो काटने कार्य मान्छेबाट गर्ने भनी प्रति घ.मि.रु.४२० को दरमा लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेकोले मन्छेकै दरमा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । मेसिन लगाई कार्य गराउदा *(उ.स.ले एक्साभेटर प्रयोग गरी कार्य गरेको फोटो भएको)* प्रति घ.मि.रु.६८।४४ का दरले मात्र भुक्तानी हुनुपर्नेमा प्रति घ.मि.रु.४२० का दरले भुक्तानी भएकोले प्रति घ.मि. रु.३५१।५६ का दरले ६२० घ.मि.मा रु.२१७९६७।२० बढी भुक्तानी भएको रकम रु. — २१७९६८ | |
| | **जम्मा** — **८३७१७१** | |
| | **झोलुङ्गे पुलतर्फ** | |
| ८०. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ अनुसार लाभग्राही समुदायले हरेक किस्ताको रकम माग गर्दा कामको प्राविधिक मूल्यांकन सहित खर्च प्रमाणित हुने विलभरपाई लगाएतका कागजात सार्वजनिक निकायमा पेश गर्ने तथा सोको परीक्षण गरी सार्वजनिक निकायले भुक्तानी दिनुपर्ने व्यवस्था छ । तर गो भौ १ मिति २०७७।०३।३१ बाट चोक्टा खोला देवीस्थान झोलुङ्गेपुर निर्माण उपभोक्ता समितिलाई रु.३१४००० पेश्की फर्छ्यौट सहित रु.१९१७३७५ भुक्तानी दिएको देखिन्छ । तर पालिकाको च.नं.९ मिति २०७७।०४।२८ को पत्रबाट नेपाल ईन्भेष्टमेन्ट बैंकलाई रकम जम्मा गरी हाल उपभोक्ता समितिबाट कार्य सम्पादन हुन बाँकी रहेकोले कार्यालयको अर्को पत्र प्राप्त नहुन्जेलसम्म रोक्का राख्न पत्रचार गरिएको छ । जसअनुसार पालिकाले खर्च भएको भनी चेक गर्दाको समयमा उपभोक्ता समितिबाट कार्य भएको हो भन्न सकिने अवस्था रहेन । जसअनुसार पालिकाले सशर्त तर्फको रकम फिर्ता नपठाउने प्रयोजनार्थ मात्र खर्च लेखेको देखिछ। साथै लेखापरीक्षण अविध सम्म पनि उक्त कार्यको अवस्था वारे जानकारी प्राप्त गर्न सकिएन । तसर्थ काम नभएको कार्यको पनि खर्च लेख्ने पदाधिकारीहरुलाई जिम्मेवार बनाई उक्त निकासा भएको रकमको कार्य भएको देखिने प्रमाण पेश हुनुपर्दछ अन्यथा उक्त रकम असूल हुनुपर्ने देखिएको रु. | १९१७३७५ |
| | **स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम** | |
| ८१. | **प्रगति विवरण-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस यस पालिकालाई १ योजना संचालन गर्न रु.५० लाख बजेट प्राप्त भएकोमा उक्त योजना कार्यान्यिवन गरि रु.२५७८४२८ खर्च भई ५१।५६ प्रतिशत खर्च प्रगति भएको छ । | |
| ८२. | **फीर्ता गर्न बाँकी रकम —** पालिकालाई संघ तथा प्रदेश सरकारबाट शर्त सहित प्राप्त भएका रकमहरु सोही आर्थिक वर्ष भित्र खर्च हुन नसकेको रकम संघीय तथा प्रदेश संचित कोषमा दाखिला गर्नुपर्दछ । तर पालिकालाई पैँरे खोला आफा रोकथामको लागी रु.५०००००० बजेट व्यवस्था भएकोमा पालिकाले यस वर्ष रु.२५७८४२८ खर्च गरी रु.२४२१५७२ बचत रहेकोमा उक्त रकम संघीय संचितकोष दाखिला गरेको देखिएन् । साथै बचत रकमबाट आर्थिक वर्ष २०७८।७८ मा गोभौ नं.१ मिति २०७७।०६।२९ को अफलाईन भौचरबाट रु.१०३३०२१ खर्च गरेकोमा सोको खर्च समर्थन समेत लिएको देखिएन । तसर्थ संघीय सरकारबाट सर्त सहित प्राप्त रकम फिर्ता गर्नुपर्नेमा सो नगरी आगमी आर्थिक वर्षमा खर्च गर्न नपाउने देखिएकोले उक्त रकम फिर्ता भएको प्रमाण पेश हुनुपर्ने रु. | २४२१५७२ |
| ८३. | **ग्याविनको कार्यमा बढी भुक्तानी —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । स्वीकृत जिल्ला दररेट अनुसार प्रति ब.मि.जालीको मुल्य रु.२४० रहेको छ । पालिकाले जिल्ला दररेटलाई नै पालिका दररेट निर्धारण गरेकोमा १००*१२० को मेसिन मेड ग्याविन वक्सको ३*१*१ को दर रु.४४५५, २*१*१ को दर रु.३०९१ र १.५*१*१ को दर रु.२२५२ हुन आउने देखिन्छ । पालिकाले म्यानुअल रुपमा जाली बुन्ने कार्यको दरविश्लेषण गरी | १४५८४७ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपभोक्ता समितिसँग सम्झौता गरी सोही दरमा नै भुक्तानी गरेको कारण देहायअनुसार बढी भुक्तानी भएको देखियो। बढी भुक्तानी भएको रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने देखिएको रु. | |

| गो.भौ | योजनाको नाम | ग्याविन कार्य | कार्य परिमाण | प्रयोग गरेको दर | प्रयोग गर्नुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | पैरे खोला र आफर पहिरो रोकथाम उपभोक्ता समिति | २*१*१ | १२० | ३५४९.५१ | ३०९१ | ४५८.५१ | ५५०२१.२० |
| | | ३*१*१ | १२२ | ५२०७.६७ | ४४५५ | ७५२.६७ | ९०८२५.७४ |
| जम्मा | | | | | | | १४५८४६.९४ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **प्रदेश पूर्वाधार विकास कार्यक्रम** | |
| ८४. | **प्रगति विवरण-** प्रदेश पूर्वाधार विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने प्रदेश पूर्वाधार विकास कार्यक्रमको लागि यस पालिकालाई २ योजना संचालन गर्न रु. ६० लाख बजेट प्राप्त भएकोमा १ योजना कार्यान्यवन गरि रु. ९७०००० खर्च भई १६.१७ प्रतिशत खर्च प्रगति भएको छ । | |
| ८५. | **पीसीसीमा बढी दर —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संचरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको देखियो । सडकको लागि स्वीकृत नर्म्सको प्रयोग गरी दरविश्लेषण गर्दा १:२:४ को प्रति घ.मि.रु.१४६२६।३० मात्र हुने देखिन्छ । गोभौ १ मिति २०७८।०३।३० बाट सिम्ती प्राथमिक केन्द्र जाने सडक निर्माण कार्य अन्तरगत सडक ढलान कार्यको लागि स्वीकृत भएको दरविश्लेषणको प्रयोग नगरी भवन तर्फको दर विश्लेषण नर्म्सको प्रयोग गरेको छ । जसअनुसार सडक ढलानका लागि प्रत घ.मि.रु.१८७५५ का दरले लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले उक्त कार्यमा प्रति घ.मि.रु.४१२८।७० का दरले ५०।१४ घ.मि.मा रु.२०७०१७।४५ रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. | २०७०१८ |
| | **सघीय सरकारबाट हस्तान्तरित कार्यक्रम** | |
| ८६. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| विद्यालय | शिक्षक दरवन्दी | स्थायी पदपुर्ती | पदपुर्ती मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| ४८ वटा विद्यालयको जम्मा | २१० | १०१ | १४८ | ५५०० |

यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।

- स्थानीय तह मातहतमा रहेका ४८ विद्यालयमध्ये ३ विद्यालय र १ वाल विकास केन्द्रमा विद्यार्थी भएपनि शिक्षक नभएको देखियो । त्यसैगरी १३ विद्यालय र १ वाल विकास केन्द्रमा स्थायी शिक्षक दरबन्दी नरहेको देखियो । दरवन्दी नभएका विद्यालयहरुमा राहत दरवन्दी तथा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पदपुर्ति गरी पठन पाठनको व्यवस्था मिलाएको छ ।
- ४८ विद्यालयमा २१० शिक्षक दरबन्दी रहेकोमा १०१ पदमा स्थायी पदपुर्ती भएको, १०९ जना करारमा, ३९ जना बाल सहजकर्ता रहेको र बाँकी पदमा अस्थायी तथा राहत शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । | |
| ८७. | **शिक्षक नभएका विद्यालयलाई अनुदानः** पालकाले देहायका विद्यालयलाई सामाजिक तथा लेखापरीक्षण, विद्यालय व्यवस्थापन तथा विद्यालय सुधार योजना अनुदान दिई रु.७१०००/— खर्च लेखेको देखियो। विद्यालयको दरवन्दी विवरणमा शिक्षकको दरवन्दी नरहेको देखियो । यस्ता विद्यालयलाई मर्ज गरी व्यवस्थापन गर्नु पर्नेमा अनुदान दिनु उपयुक्त देखिएन। | |

| विद्यालयको नाम | विवरण | अनुदानको किसिम | | | जम्मा रकम |
|---|---|---|---|---|---|
| | | व्यवस्थापन | सामाजिक परीक्षण | विद्यालय सुधार | |
| श्री सहि सिजन चिन्तन आ वि | शिक्षक नभएको | २००० | | १५००० | १७००० |
| श्री कालिका देवी आ वि | शिक्षक नभएको | २००० | १०००० | १५००० | २७००० |
| श्री नव सिर्जना आ वि | शिक्षक नभएको | २००० | १०००० | १५००० | २७००० |
| जम्मा | | ६००० | २०००० | ४५००० | ७१००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८७.१ | प्रदेश सरकारबाट सशर्त अनुदान अन्तरगत शुन्य स्थायी दरबन्दी नभएका विद्यालय शिक्षक व्यवस्थापनका लागि रु.१८३०००० अनुदान उपलब्ध गराएको छ । उक्त रकम २०७५।७६ को आर्थिक वर्षको अन्तसम्म खर्च नभई मौज्दात नै रहेको विवरण लेखापरीक्षणको क्रममा पेश भएको छ । तर गाउँकार्यपालिकाले निर्णय गरी आर्थिक वर्ष २०७६।७७ को शुरुमा दुइ वटा मा. वि. लाई रु.३००००० को दरले र ६ वटा आ. वि. लाई रु.२०५००० का दरले वितरण गरेको देखिन्छ । प्रदेश सरकारबाट सर्शत सहित प्राप्त रकम सोही आर्थिक वर्ष भित्र खर्च नभएको अवस्था फिर्ता गर्नुपर्नेमा पालिकाले निर्णय गरी खर्च लेखेको नियमि संम्मत देखिएन । साथै अनुदान उपलब्ध गराईएको वर्षमा शिक्षक व्यवस्थापन भएको प्रमाण समेत संलग्न राखेको छैन् । तसर्थ शिक्षक व्यवस्थापन नभएको अविधिको खर्च नभई बाँकी रहेको स्त सहितको अनुदान प्रदेश विद्यालयलाई निकास दिन मिल्ने समेत देखिएन् । तसर्थ विद्यालयबाट उक्त रकम असुल गरी प्रदेश संचित कोष फिर्ता गर्नुपर्ने देखिएको रु. | १८३०००० |
| ८८. | **प्राविधिक धारको विद्यालयमा बढी निकाशाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ का अनुसार प्राविधिक धारको विद्यालयलाई प्राविधिक शिक्षक सँख्याको आधारमा प्रति प्राविधिक शिक्षक रु.३००० का दरले १० महिनाको भत्ता उपलब्ध गराउने व्यवस्था छ । यस वर्ष तामाकोसी जनजागृति माध्यामिक विद्यालय खिम्तिलाई प्राविधिक भत्ता १ शिक्षकको भत्ता पालिकाबाट १२ महिनाको निकासा भएकाले २ महिनाको रु.६००० असुल गरी संघीय बेरुजू खातामा दाखिला गर्नुपर्ने रु. | ६००० |
| ८९. | **दिवा खाजा कार्यक्रमः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं.२.७.११.१ मा तोकिएको जिल्ला बाहेकका जिल्लाका स्थानिय तहमा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.१५ का दरले विद्यालय संचालन र विद्यार्थी हाजिर भएको दिनका आधारमा उपलब्ध गराउने व्यवस्था रहेको छ । यस पालिका अन्तरगतका केही विद्यालयको नमूना परीक्षण गर्दा IEMIS DATA भन्दा बढी विद्यार्थीको निकासा लगेको, वितरण र माग भन्दा बढी निकासा भएको देखिएकाले बढी रकम असुल गरी बेरुजू दाखिला गर्नुपर्ने रु. | २४७३३६ |

| क्र. सं. | विद्यालयको नाम | निकासा रकम | इमिस अपडेटको आधारमा वितरण | बढी निकासा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री नवदर्शन उच्च मा. वि. | ६२४५१० | ४५६४५० | १६८०६० | इमिस अपडेट भन्दा ८० विद्यार्थी बढी देखाइ माग र वास्तविक हाजिरी भन्दा बढी शत प्रतिशत हाजिरी देखाएको |
| २ | श्री मिलनेश्वरी आ. वि. | ५९१७५ | ५६९८५ | २१९० | निकासा भन्दा कम वितरण |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्री शहिद सिजन चिन्तन आ.वि. | ३६२७० | ३३७३५ | २५३५ | " |
| ४ | श्री आ वि नागथली | ५८६७० | ५३६५५ | ५०५१ | " |
| ५ | श्री पशुपति आ. वि. | ५२८०५ | ४६५८० | ६२२५ | " |
| ६ | श्री कैलेश्वर आ. वि. | ५५२६० | ११२६० | ४४००० | " |
| ७ | श्री झट्टेश्वर मा. वि. | २३४१३५ | २३२८९० | १२४५ | " |
| ८ | श्री वृखेश्वर मा. वि. | १५०५७० | १४१७८० | ८७९० | " |
| ९ | श्री छितादेवी आ. वि. | ६६१२० | ५८५९० | ७५३० | " |
| १० | श्री त्रिपुरेश्वर मा. वि. | १९५८५५ | १९४१४५ | १७१० | " |
| जम्मा | | | | २४७३३६ | |

**९०.** **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिकाका अनुसार IEMIS Update को आधारमा विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशत विद्यार्थीलाई पाठ्यपुस्तक अनुदान रकम निकासा गर्ने र विद्यालयको माग र पाठ्यपुस्तक खरिद विलका आधारमा थप २५ प्रतिशत अनुदान रकम निकासा गर्ने व्यवस्था रहेको छ । नमूनाको रुपमा केही विद्यालयको परीक्षण गर्दा त्रिपुरेश्वर मा. वि. लाई पाठ्यपुस्तकका लागि पहिलो ७५ प्रतिशतमा रु.१८९५३६ र दोश्रो पटक २५ प्रतिशतमा रु.५५५४२ गरी कुल रु.२४५०७८ निकासा भएकोमा रु.२३६००० को पाठ्यपुस्तक खरिद विल पेश गरेकाले वढी निकासा रकम रु.९०७८ असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्ने रु. — ९०७८

**९१.** **छात्रवृति वितरणः** पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाको आधारमा छात्रा, दलित र अपाङ्ग लाई छात्रवृति वितरण IEMIS को आधारमा क्षात्रवृतिमा निकासा गरेकोमा नमूना छनौटको आधारमा विद्यालयको छात्रवृति निकासा र वितरण भरपाई परीक्षण गर्दा देहायको विद्यालयलाई निकासा रकम भन्दा विद्यार्थीलाई वितरण गरेको संख्या कम देखिएकाले बढी निकासा रकम बेरुजू खातामा दाखिला गर्नुपर्ने रु. — ४८६००

| क्र. सं. | विद्यालयको नाम | बढी भएको क्षात्रवृति प्रकार | वढी निकासा |
|---|---|---|---|
| १ | त्रिपुरेश्वर मा वि | अपाङ्ग | ६००० |
| २ | मिलनेश्वर आ वि | अपाङ्ग | १००० |
| ३ | चण्डेश्वरी मा वि | अपाङ्ग | ३००० |
| ४ | शहिद स्मृति मा वि | अपाङ्ग | २००० |
| ५ | भृङ्गेश्वर मा.वि. धारापानी | अपाङ्ग | २००० |
| ६ | विर्खेश्वर आ वि | अपाङ्ग | ४००० |
| ७ | सेतिदेवी आ वि | दलित | ८०० |
| ८ | झट्टेश्वर मा वि | छात्रा दलित र अपाङ्ग | १२८०० |
| ९ | रुपादेवी आ वि | अपाङ्ग | २००० |
| १० | तामाकोसी जनजागृति मा वि | अपाङ्ग | ५००० |
| ११ | भूमेथान आ वि | अपाङ्ग | ६००० |
| १२ | बालज्योति मा वि | अपाङ्ग | २००० |
| १३ | पशुपति आ वि | अपाङ्ग | २००० |
| | जम्मा | | ४८६०० |

**९२.** पालिकाले छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले सोही प्रयोजनमा खर्च गरेको यकिन गर्नु पर्दछ । यो वर्ष शहिद स्मृति मा वि, बुद्ध जनप्रिय मा वि र नवदर्शन मा वि ले क्रमशः रु.४२४००, रु.५२४०० र रु.६९२०० विद्यालयले निकासा लगेकोमा आ.व. २०७७।७८ को अन्त्य सम्ममा पनि क्षात्रवृति वितरण गरेको भरपाई पेश गरेका छैनन् । पालिकाले अनुगमन गर्ने गरेको समेत नदेखिएकोले पालिकाबाट निकासा भएअनुरुप उक्त रकम वितरण भए नभएको एकीन हुन नसकेकाले क्षात्रवृति वितरण भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. — १६४०००

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९३. | **शौचालय निर्माण नभएकोः** कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं.११.१.२.१. विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानको ८.७ बमोजिम अन्तर्गत वास सहितको शौचालय निर्माणका लागि रु.७ लाख अनुदान दिने व्यवस्था रहेको छ । शहिद स्मृति मा. वि.लाई आ.व.२०७६।७७ मा रु.७ लाख शौचालय निर्माणको लागि अनुदान दिइएको देखियो । तर पालिकाले अनुगमन गर्दा आ.व. २०७७।७८ को अन्त्य सम्म पनि शौचालय निर्माण कार्य शुरु नभएको जानकारी प्राप्त भएकाले उक्त अनुदान रकम विद्यालयबाट असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्ने रु. | ७००००० |
| ९४. | **अनुगमनः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६।७७ अनुसार विद्यालयहरुलाई भुक्तानी हुने सशर्त अनुदान रकम तोकिए बमोजिम उपयोग भए नभएको सुनिश्चित हुन त्यस्तो अनुदान प्राप्त गर्ने विद्यालयहरुले कार्यसम्पन्न गरेको अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट निम्न विद्यालयहरुलाई शौचालय निर्माण वापत रु.१४००००० कार्यसम्पन्न र उपयोगका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । अनुगमन नगर्दा रकम सदुपयोग हुन नसक्ने भएकोले तोकिएको काममा प्रयोग भए नभएको एकिन गरी कार्यसम्पन्न, आवश्यक विल भरपाई र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु. | १४००००० |

| क. सं. | विद्यालयको नाम | अनुदान शिर्षक | अनुदान रकम |
|---|---|---|---|
| १ | बिर्खेश्वर आ वि | शौचालय निर्माण | ७००००० |
| २ | रणजित आ वि | शौचालय निर्माण | ७००००० |
| | जम्मा | | १४००००० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९५. | **सेनिटरी प्याड खरिदः** सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले शिलबन्दी प्रक्रियाबाट १९७२५ थान सेनिटरीप्याड खरिद गरी स्मार्ट लिभिङ टेक्नो प्रा. लि. सप्लायर्ससँग मिति ०७७।३।३० मा रु.१५३७९५८ रकममा सम्झौता गरी खरिद विल अनुसार गो.भौ.नं. ८।०७७।३।३१ बाट रु.१५३७९५८ भुक्तानी गरेको छ ।उक्त बोलपत्र प्रकृयामा ३ वटा सप्लायर्सले बोलपत्र दर्ता गरेतापनि निजहरुले पेश गरेको बोलपत्रको प्रति, कबोल दर रेट र कम्पेरेटिभ चार्ट लेखापरीक्षणको क्रममा पेश नभएकाले कुन सप्लायर्सले कति कबोल गरेको हो र कसको दर कम हो भनि एकीन गर्न नसकिएकाले शिलबन्दी बोलपत्र प्रकृया र न्यून कबोल अंक वरावरको भुक्तानी भएको सुनिश्चत हुने अवस्था देखिएन । सेनिटरी प्याड खरिद सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् - | |
| ९५.१ | छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरी विद्यालयलाई हस्तान्त्रण गरेको छ। | |
| ९५.२ | पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। | |
| ९५.३ | सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन । | |
| ९६. | **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेखु पर्ने व्यवस्था छ । गाउँपालिकाले अन्तर्गत कार्यरत स्वास्थ्य | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगरी तलव खर्च लेखेको छ । तवली प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । गाउँपालिकाको आ.व.०७६।७७ को बजेट चैत्र २ मा आएकोमा बजेट आउनुपूर्व स्वास्थ्यका कर्मचारीहरुलाई मन्त्रालयको पत्र ल्याएर २०७६।६।१२ मा श्रावण, भाद्र, आश्विन र चार्डपर्व भत्ता भुक्तानी दिएको देखिन्छ । | |
| ९७. | **एकै मितिमा बैठक र भ्रमणः** कार्यालयका कर्मचारी जयप्रकाश राय कार्यालयको कामको शिलशीलामा भ्रमणमा गएको जनाई भ्रमण भत्ता भुक्तानी लिएको समयमा कार्यालयमा बैठक बसेको भनि भत्ता लिएकाले दोहोरो परेको रकम असुल गर्नुपर्ने रु | ७८०० |

| कर्मचारीको नाम | भ्रमण तथा बैठक मिति | विवरण | बढी रकम |
|---|---|---|---|
| जय प्रकाश राय | ०७६।८।२ देखि ६ | **HIV/AIDS** को तालिममा भाग लिन मन्थली | ७८०० |
| | ०७६।८।४ | मासिक समिक्षा बैठक बसेको | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९८. | **औषधि खरिदः** पालिकाले यो वर्ष स्वास्थ्य शशर्तबाट रु.१३००९७५ को औषधि भौचर नं ९, १२, र १७ सोझै खरिद गरेको छ । भौचर नं ९, १५ र १७ बाट रु.७६२६२७ बराबर रकमको स्वास्थ्य सामाग्री सोझै खरिद गरेको छ । यसरी पटक पटक विभिन्न सप्लायर्सबाट रु.२०६३६०३ रकमको औषधी तथा स्वास्थ्य सामाग्री टेन्डर प्रकृयाबाट गर्नुपर्नेमा सोझै खरिद गरेको नियम सम्मत देखिएन ।औषधि खरिद सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार छन् - | |
| ९८.१ | पालिकाले औषधि आपुर्तक फर्मबाट आपुर्ती हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने तथा आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं., म्याद समाप्त मिति तथा यो औषधि बिक्रिको लागी होइन लेखेको हुनुपर्ने उल्लेख छ । भौचरसँग सलँग्न फाँटवारी परीक्षण गर्दा उपर्युक्त प्रमाण समावेश भएको देखिएन । साथै आपुर्ती भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए नभएको, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञवाट मुचुल्का उठाई राख्ने नगरेको कारण औषधिको गुणस्तर र म्याद सम्वन्धमा एकिन गर्न सकिएन ।यस तर्फ पालिकाको ध्यान जानुपर्ने देखियो । | |
| ९८.२ | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ९८.३ | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९९. | **मातृ शिशु स्याहार कार्यक्रमः** मातृ शिशु स्याहार कार्यक्रममा सुत्केरी गराए वापत यातायात खर्च प्रति सुत्केरी रु.२००० र सुत्करी जाँच चार पटक गराएवापत प्रति सुत्करी रु.८०० का दरले र स्वास्थ्य सँस्थालाई प्रति सुत्केरी रु.१००० का दरले भुक्तानी दिने व्यवस्था रहेको छ । यस पालिकामा ४ वटा वर्थिङ सेन्टर रहेकोमा सुत्केरी जाँच विवरण कार्ड (**ANC**) परीक्षण गर्दा देहायको वर्थिङ सेन्टरमा सुत्केरी जाँच विवरण कार्ड भन्दा बढी संख्यामा भुक्तानी दिएकाले असुल गर्नुपर्ने रु. | २६६०० |

| **वर्थिङ सेन्टर** | **सुत्केरी संख्या** | **भुक्तानी संख्या** | **प्रति सुत्केरी भुक्तानी हुने कुल रकम** | **वढी भुक्तानी** |
|---|---|---|---|---|
| विजुलीकोट प्रा स्वा केन्द्र | ३० | ३६ | ३८०० | २२८०० |
| खिम्ती प्रा स्वा केन्द्र | २४ | २५ | ३८०० | ३८०० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा       २६६०० | |
| १००. | **कृषि तथा पशुः** यस वर्ष कृषि तर्फका २ र पशु तर्फका २ स्थायी र ३ करार कर्मचारी गरी तलबमा कुल रु.२८८६८९२ खर्च भएकोमा यस आ.व.मा कृषि तथा पशुका कुनै पनि कार्यक्रम भएको देखिएन । यसरी दरबन्दी हुँदा हुँदै कुनै पनि कार्यक्रम नहुँदा राज्यलाई थप व्ययभार पर्न जाने देखिन्छ । पालिकाले कर्मचारीलाई उचित जिम्मेवारी दिइ उत्पादनमूलक कार्यमा लगाउनुपर्ने देखिन्छ । | |
| १०१. | **भौचर प्राप्त नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका प्रमाण सहितको लेखा राख्न र राख्न लगाउनुपर्ने उल्लेख छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग तर्फको गो.भौ.नं. २।०७७।२।२२ बाट एम आइ एस अपरेटरको विविध खर्च भनि बैङ्क क्यास बुकमा रु.१३५००० रकमको खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा उक्त भौचर र प्रमाण कागजातहरु फेला नपरेको हुँदा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १३५००० |
| | **सामाजिक सुरक्षातर्फ** | |
| १०२. | यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा वापत रु ७९९५१०००/ खर्च गरेकोमा दखिएका व्यहोरा देहायबमोजिम छन् — | |
| १०२. | सामाजिक सुरक्षा नियमावली, २०७६ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था  गरेको छ । पालिकामा सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थित बनाउन घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली **MIS System** लागु गरीएको छ। तर प्रणालीमा वितरणहरु शुद्ध र पुर्ण रुपमा प्रविष्टि नगरेको कारणले प्रणालीको माध्यमबाट निकालिएको भरपाईको वितरणमा पनि शुद्धता पाइएन । जसले गर्दा भत्ता वितरणमा दोहोरो, मृत्यु भएका व्यक्तिको पनि भरपाईमा नाम नहटाएको जस्तो समस्या देखिएको हुँदा अद्यावधिक विवरणको विश्वसनियता र लाभग्राहीको वास्तविकता प्रति आस्वस्त हुन सकिएन । | |
| १०२. | वडा नं ६ को सामाजिक सुरक्षा वितरण भरपाई परीक्षण गर्दा ४५३०००० पेश्की लिई रु ३९२७२०० वितरण गरि ६०२८०० फिर्ता गर्नुपर्नेमा रु ५६६८०० मात्र फिर्ता भएको छ।फिर्ता गर्न बाकी रकम रु ३६००० अशुल गरी फिर्ता गर्नुपर्ने रु | ३६००० |
| १०२. | वडा नं ६ मा सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई परीक्षण गर्दा पूर्ण अपांगता भत्ता वितरण  गर्दा रु १२००० का दरले वितरण गर्नुपर्नेमा खडग कुमारी वन र मटयाङ्गे कामीलाई रु १६००० का दरले  प्रथम चौमासिक र दोस्रो चौमासिकम रु १६००० र तेस्रो चौमासिकमा खडग कुमार वनलाई रु ४००० बढी भूक्तानि भएकोले बढी भएको भूक्तानि रु २०००० अशुल हुनुपर्ने रु | २०००० |
| १०२. | वडा नं ६ मा पेश्की रु ४७७८८०० रहेकोमा रु ४४४५६०० वितरण गरी रु ३३३२०० र वडा नं ६ मा रु ४५३०००० पेश्की लिई रु३९२७२००वितरण गरी रु ५६६८०० गरी जम्मा रु ९००००० पालिकाको खातामा फिर्ता गरेको छ।उक्त रकम को ले नि का को खातामा फिर्ता गर्नुपर्ने रु | ९००००० |
| १०२. | दिन नमिल्ने भत्ताः सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाई रहेको व्यक्तिको मृत्यु भएमा वा त्यस्तो व्यक्ति सामाजिक सुरक्षा भत्ता पाउन योग्य नभएमा निजको नाम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेखबाट हटाउनु पर्ने उल्लेख छ।लेखापरीक्षणको क्रममा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | देहायका वडामा रहेको मृत्यु दर्ताको अभिलेख परीक्षण गर्दा मृत्यु भइसकेका लाभग्राहीको नाममा मृत्युपछि पनि सामाजिक सुरक्षा भत्ता वितरण गरेको भनी भरपाई औठाछाप लगाई खर्च लेखेको पाइयो ।मृत्यु मिति भन्दा पछिको सामाजिक सुरक्षा भत्ता दिन नमिल्ने हुनाले उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | १८६५०० |

| वडा नं | नाम | मृत्यु मिति | ना नं | चौमासिक | भूक्तानि रकम |
|---|---|---|---|---|---|
| १ | शन्तमाया कामी | ७६।४।९ | २९४ | पहिलो र दोस्रो | २०००० |
| १ | ढाका कुमारी थापा | ७६।८।२० | १९७६७ | दोस्रो | ९००० |
| १ | भिम बहादुर थापा | ७६।३।२८ | १६६९ | पहिलो र दोस्रो | २४००० |
| १ | मटयाङ्गी तामाङ्ग | ७६।७।७ | २१४६ | दोस्रो | १२००० |
| ३ | बुद्धिवाल तामाङ्ग | ७६।२।११ | ५२३ | प्रथम | १२००० |
| ४ | गोमा कुमारी महत | ७६।९।३ | १४३४१ | दोस्रो | ९००० |
| ४ | ललीमाया मगर | ७७।२।२१ | ४०७७५ | तेस्रो | ३००० |
| ५ | विष्णुमाया तामाङ्ग | ७६।५।७ | १३१८ | प्रथम र दोस्रो | २४००० |
| ६ | डम्बर बहादुर कार्की | ७६।४।५ | | प्रथम | १२००० |
| ६ | नन्दमाया थापा मगर | ७७।१।२२ | ४८७२ | प्रथम | ६००० |
| ७ | बल बहादुर बोहोरा | ७६।११।१६ | १४७७ | तेस्रो | १२००० |
| ७ | क्षेत्र बहादुर आले | ७७।२।९ | २०४९१ | तेस्रो | ६००० |
| ७ | रत्नमाया थापा मगर | ७७।१।२९ | ११८ | तेस्रो | ६००० |
| ७ | चन्द्र बहादुर थापा मगर | ७७।१।२५ | २५३८३ | तेस्रो | ६००० |
| ७ | भक्त बहादुर बोहरा | ७७।१।१३ | १९८२ | तेस्रो | ७५०० |
| ७ | जने तामाङ्ग | ७६।१०।१ | ८३४ | दोस्रो र तेस्रो | १८००० |
| जम्मा | | | | | १८६५०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०२. | **प्रतिवेदन पेश गर्नुपर्नेः** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३)१ (मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची- ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन । नियमले गरेको व्यवस्था पालनामा ध्यान दिनुपर्ने देखिन्छ । | |
| १०३. | **पेश्की बाँकी —** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुदान २०७७ आषाढ मसान्त सम्म म्याद बाँकी नरहेको देहाय अनुसारको पेश्की लेखापरीक्षण अवध सम्म पनि फर्छ्यौट नभई हालसम्म पनि बाँकी रहेको देखिन्छ । उक्त पेश्की रकम तोकिए बमोजिम फर्छ्यौट हुनुपर्ने देखिएको रु | १५६६००० |

| **गो.भौ.** | **पेश्की लिनेको नाम** | **वापत** | **पेश्कि रकम** |
|---|---|---|---|
| २ | रत्न बहादुर दमाई | वडा नं २ सैंपुको दलित लक्षीत कार्यक्रम | २०००००.०० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ४ | वडा नं २ सचिव श्री सन्तोष जीसी | अदुवा र वेसारको विउ खरिद तथा वितरण र मिश्रीत नर्शरी व्यवस्थापन | ४०००००.०० |
| ५ | वडा नं ३ दलित समिति | दलितका लागि पोषण युक्त खानेकुरा लगायतका लागि नगदै व्यवस्थापन | ४०००००.०० |
| १ | अहेव श्री सरस्वती तामाङ्ग | स्वास्थ्य चौकी व्यवस्थापन कार्यक्रम | २०००००.०० |
| २ | करिश्मा परियार | दलित आय आर्जन तथा सिपमुलक कार्यक्रम | २०००००.०० |
| १ | प्रेम बहादुर कार्की | वडा नं ७ महिला स्वयम सेवीका भत्ता | १५६०००.०० |
| **जम्मा** | | | १५५६०००.०० |

**१०४. कोभिड—१९ तर्फः** आ व २०७६।७७ को आषाढ मसान्तसम्म कोभिड—१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| स्थानिय तहको आफ्नै वजेटवाट | २७९३३३२ | राहात वितरणउद्दार तथा पुन स्थापना , | ४८१५८० |
| | | क्वारेन्टाइन निर्माणा तथा व्यवस्थापन | २५८९१६ |
| | | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | २०५२८३६ |
| **जम्मा** | **२७९३३३२** | **जम्मा** | **२७९३३३२** |

**१०४.** पालिकाले कोभिड रोकथामका लागि रु.२०५२८३६ को औषधिक तथा उपकर तीनथान कोटेशन लिई सोझै खरिद गरेको छ ।

**१०५. कोभिड जोखिम भत्ताः** कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तीको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को दफा ७ङ बमोजिम कोभिड उपचार कार्यमा संलग्न जनशक्तीलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको ५० प्रतिशत भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष स्वास्थ्य तर्फका कर्मचारीहरुलाई चैत्र देखि असार महिना सम्मको कोरोना जोखिम भत्ता उपलब्ध गराएकोमा शुरु तलब स्केलको ५० प्रतिशत उपलब्ध गराउनुपर्नेमा ग्रेड र प्राविधिक ग्रेड समेतको रकमको ५० प्रतिशत रकम उपलब्ध गराएको देखिएकाले देहायबमोजिमको कर्मचारीलाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. २७८०३८

| क्र. सं. | कर्मचारीको नाम थर | शुरु तलब स्केल | चैत्र देखि असार सम्मको शुरु तलब स्केलको ५०% ले हुने रकम | ग्रेड र प्राविधिक ग्रेडसमेत भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | मिरा श्रेष्ठ | ३५९९० | ७१९८० | ८१५८० | ९६०० |
| २ | कोमल देवी खत्री | ३५९९० | ७१९८० | ८३९८० | १२००० |
| ३ | खड्क बहादुर बुढाथोकी | २६५७० | ५३१४० | ६०२२८ | ७०८८ |
| ४ | अमृता श्रेष्ठ | २६६१० | ५३२२० | ६३८६४ | १०६४४ |
| ५ | कल्पना फुयाल | २८२०० | ५६४०० | ७१४४० | १५०४० |
| ६ | कमला कुमारी खड्का | २८२०० | ५६४०० | ७३३२० | १६९२० |
| ७ | जय प्रकाश राय | ३५९९० | ७१९८० | ९३५८० | २१६०० |
| ८ | इन्दिरा पौडेल | २८२०० | ५६४०० | ६९५६० | १३१६० |
| ९ | शान्त कुमार सुनुवाल | २६५७० | ५३१४० | ६०२२८ | ७०८८ |
| १० | आनन्द कुमार सदा | २६६१० | ५३२२० | ६०३१६ | ७०९६ |
| ११ | प्रेम बहादुर कार्की | ३५९९० | ७१९८० | ९३५८० | २१६०० |
| १२ | विन्दा पौडेल | २८२०० | ५६४०० | ७३३२० | १६९२० |
| १३ | विश्वराज वोहोरा | २६६१० | ५३२२० | ६५६३८ | १२४१८ |
| १४ | राम बाबु शाह | २६६१० | ५३२२० | ५४९९४ | १७७४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | गिरिन्द्र मिश्र | ३५९९० | ७१९८० | ९३५८० | २१६०० |
| १६ | शशीकला सुनुवार | ३५९९० | ७१९८० | ८३९८० | १२००० |
| १७ | रामा शंकर कुमार यादव | २६६१० | ५३२२० | ६०३१६ | ७०९६ |
| १८ | धनुषा सुनुवार | २६६१० | ५३२२० | ५८५४२ | ५३२२ |
| १९ | जुनी तामाङ | २६६१० | ५३२२० | ६०३१६ | ७०९६ |
| २० | राम प्यारी वि.क | २६६१० | ५३२२० | ६३८६४ | १०६४४ |
| २१ | सरस्वती तामाङ | २६६१० | ५३२२० | ६३८६४ | १०६४४ |
| २२ | मनोज कुमार महतो | २६६१० | ५३२२० | ६०३१६ | ७०९६ |
| २३ | राम विश्वास कुमार महतो | २६६१० | ५३२२० | ५८५४२ | ५३२२ |
| २४ | सबुना पाण्डे | २६६१० | ५३२२० | ६२०९० | ८८७० |
| २५ | पूर्ण बहादुर बराइली | २८२०० | ५६४०० | ६५८०० | ९४०० |
| **जम्मा** | | **७२९४०** | **१४५८८००** | **१७३६४३८** | **२७८०३८** |

**१०६. कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको छैन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

**१०७. वार्षिक प्रतिवेदन –** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

**१०८. अनुगमन तथा सम्परीक्षण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट लेखापरीक्षणको क्रममा गत विगतका बेरुजूहरु फर्छयौट गरी संपरीक्षणका लागि अनुरोध भएन् । तसर्थ बेरुजू फर्छयौट गर्नेतर्फ ध्यान जानुपर्दछ ।

# लिखु तामाकोशी गाउँपालिका, रामेछाप
# संचित कोष विवरण
# २०७६।७७

*(रु. हजारमा)*

| जिल्ला | स्थानीय तह | गतवर्षको जिम्मेवारी | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय अनुदान | प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| रामेछाप | लिखु गाउँपालिका | ३१००४ | ३०६९२७ | २१६८७ | ८९७२८ | २५८ | ९०२६३ | ५०८८६३ | २८६५९९ | १५९६८९ | ६७३६ | ४५३०२४ | ८६८४३ |

# बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
# २०७६।७७

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५६ | ७१ | ५४६३६ | ० | १ | ४००० | ५६ | ७० | ५०६३६ | १६११६ | १७६२६ | १५३२८ | ० | ० | ३२९५४ | १५६६ |

# अद्यावधिक बेरुजू स्थिति
# २०७६।७७

*(रु. हजारमा)*

| जिल्ला | स्थानीय तह | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| रामेछाप | लिखु गाउँपालिका | ४६८८४ | ० | ० | ४६८८४ | ० | ५०६३६ | ९७५२० |